बाल अधिकारको रक्षा गरौं

- उचित वातावरण, पोषण, शिक्षा, खेल, मनोरञ्जन र विकासको अवसर पाउनु प्रत्येक बालबालिकाको अधिकार हो,
- शोषण, दुर्व्यवहार र बालश्रमबाट बाल- बालिकालाई बचाऔं,
- बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिऔं।



नेपाल सरकार
विज्ञापन बोर्ड

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

सूचं !

त:मुंज्याया सिरपा ल:ल्हायगु
ज्याझ्व व सम्हेबजी
ने.सं.११४७ थिंलाथ्व दशमी
(२०८३ पुष ४ गते) शनिबार
महेश्वरी बैङ्क्वेटखय् जुइजुलिं
सकसिता ब्वति काय दिय्ता इनाप ।

पीखुकगु नेपालभाषा साहित्य त:मुंज्या
गोमारी-७, ख्वप

★ वर्ष : २८ ★ अङ्क : ३०४ ★ ने. सं. ११४७ कछला थ्व, चतुर्दशी ★ सोमबार ★ ७ मङ्सिर, २०८३ ★ November 23, 2026, Monday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

“सरकारहरूले आफ्नो कर्तव्य निर्वाह नगरेको हुँदा देशको सार्वभौमिकतामाथि विदेशी थिचोमिचो बढ्यो”



भक्तपुर, ६ मङ्सिर । नेपाल मजदुर किसान पार्टी सूर्यविनायक नगर समितिको आयोजनामा आइतबार नगरस्तरीय कार्यकर्ता भेला भयो ।

कार्यक्रममा पार्टी सचिव प्रेम सुवालले नेमकिपाको उद्देश्य देश र जनताको सेवा गर्ने भएकोले यही उद्देश्य पूरा गर्न पार्टी कार्यकर्ताहरू लागिपर्नु जरूरी छ भन्नुभयो ।

पार्टी कार्यकर्ताहरूले पार्टी प्रकाशन नियमित अध्ययन गरी आफ्नो राजनीतिक र सांस्कृतिक स्तर माथि उठाउनु जरूरी भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, “जनता राजनीतिक र सांस्कृतिक रूपले सचेत तथा सङ्गठित भएपछि मानव जातिबिचको वर्गीय र जातीय विभेद अन्त्य हुने विषय पनि बुझ्ने छन् ।”

सचिव सुवालले भन्नुभयो, “नेपालका सरकारहरूले लिम्पियाधुरासम्मको नेपालको नक्सा संसद्बाट पारित भए पनि छिमेकी देश र संयुक्त राष्ट्र सङ्घलगायत अन्तर्राष्ट्रिय संस्थाहरूलाई जानकारी दिएनन् । सरकारहरूले आफ्नो कर्तव्य निर्वाह नगरेको हुँदा देशको सार्वभौमिकतामाथि विदेशी थिचोमिचो बढ्यो ।”

पार्टी जिल्ला अध्यक्ष सुरेन्द्रराज गोसाईले सङ्गठन निर्माण र सिद्धान्तलाई जोड नदिए चुनावी जित क्षणिक मात्र हुने स्पष्ट पार्दै नेमकिपाबाहेक अन्य वामपन्थी पार्टीहरूले वामपन्थीको कर्तव्य पूरा नगरेको बताउनुभयो ।

‘जनता नै देश र देश नै जनता’ भन्ने नाराका साथ चीन अगाडि बढिरहेको र ‘जनता प्रथम’ को सिद्धान्तअनुसार पार्टी अघि बढेकै कारण चीनमा गरिबी उन्मूलन र भ्रष्टाचार निर्मूल हुन सकेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, “१४ वटा देशले उपनिवेश बनाएको र युवाहरूलाई अफिमको लतले ध्वस्त बनाएको चीनले हार नमानी निरन्तर सङ्घर्षलाई जोड दिएकै कारण आज विश्वको महाशक्ति बन्न सकेको छ । लड्ने र सङ्घर्ष गर्नेको मात्र इज्जत हुन्छ, आत्मसमर्पण गर्नेहरूको इज्जत हुनेछैन, उनीहरू कायरमा गनिनेछन् ।”

बन्दुकको गोलीले जित्न नसक्ने व्यक्तिलाई गुलियो पोतेको गोलीले सिध्याउने शिक्षाबारे कार्यकर्ताहरू सचेत हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

माओवादी र एमालेलाई फरक पार्टी भएकै कारण विरोध नगरेको स्पष्ट पार्दै उहाँले ती पार्टीहरूले मित्रराष्ट्रहरूले सहयोगस्वरूप दिएका उद्योगसमेत बेचेर निजीकरण गराएको कारण विरोध गरेको उल्लेख गर्नुभयो ।

नेमकिपा सूर्यविनायक नगर समितिका अध्यक्ष सूर्यभक्त त्वातीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा ज्ञानुमैयाँ राजथला र महेन्द्र बखुन्छेलगायतले बोल्नुभएको थियो ।

किम जोङ उनद्वारा निर्माणाधीन फिक्स्चर कारखाना र शैक्षिक उपकरण कारखाना विद्यालयको निरीक्षण



प्योङयाङ, २१ नोभेम्बर (केसीएनए) । कोरियाली मजदुर पार्टीका महासचिव तथा प्रजातान्त्रिक जन गणतन्त्र कोरियाको राज्य मामिला आयोगका अध्यक्ष किम जोङ उनले नोभेम्बर २० मा निर्माणाधीन फिक्स्चर कारखाना र शैक्षिक उपकरण कारखानामा विद्यालयको स्थलगत निरीक्षण गर्नुभयो र निर्देशन दिनुभयो ।

उहाँसँगै कोरियाली मजदुर पार्टी केन्द्रीय समितिका सचिव जो योङ वोन र किम सुङ डु, राष्ट्रिय रक्षा मन्त्रालयका सल्लाहकार पाक जोङ चोन र कोमपा केन्द्रीय समितिका प्रमुख अधिकारीहरू हुनुहुन्थ्यो ।

उहाँलाई निर्माण कार्यमा संलग्न सैनिक युनिटका कमान्डिङ अफिसर, कारखानाका प्रमुख पदाधिकारी, डिजाइनिङ तथा अन्य सम्बन्धित क्षेत्रका अधिकारीले स्वागत गर्नुभएको थियो । कारखानाका केही भागको परिक्रमा गर्दै नेता किमले निर्माण र उपकरण जडानको तयारीबारे आफूलाई विस्तृत रूपमा परिचित गराउनुभयो ।

उहाँले नयाँ पुस्ताको शिक्षालाई राज्यको प्राथमिकतामा राखेको पार्टी केन्द्रीय समितिको योजना र आशयप्रति सच्चा भएर उदाउँदो पुस्ताका लागि उच्च इमानदारिताका साथ संरचनाको गुणस्तरीयता सुनिश्चित गरेकोमा विद्यालय निर्माताहरूको उच्च प्रशंसा गर्नुभयो ।

कारखानाको उत्पादन प्रदर्शनी कक्षमा उहाँले कारखानाले उत्पादन गर्ने सबै परिसूचकहरूको स्कूल फिक्स्चरको नमुना जाँच गर्नुभयो ।

विज्ञान र शिक्षाको दृष्टिकोणले भावी पुस्ता र क्रान्तिप्रति हाम्रा क्रान्तिकारीहरूको दृष्टिकोणको स्पष्ट अभिव्यक्ति भएकोले प्राथमिक र माध्यमिक विद्यालय, कलेज र विश्वविद्यालयका लागि शिक्षण सामग्री र सामानको उत्पादन भनेको भावी पुस्ताको शिक्षामा ठुलो र व्यापक लगानी गर्नु हो, उहाँले भन्नुभयो ।

नेता किमले विद्यार्थीको उमेर, फिजिक्स, पाठ्यक्रम र विद्यालय तहका आधारमा शिक्षण औजारको उत्पादनलाई गुणस्तरीय बनाउनुपर्ने र सङ्ख्याका आधारमा भविष्यको मागलाई वैज्ञानिक ढङ्गले विचार गरी उत्पादन क्षमता निर्धारण गर्नुपर्नेमा जोड दिनुभयो ।

नयाँ शताब्दीमा शिक्षामा आमूल सुधारको नीतिको भरपर्दो र भरपर्दो कार्यान्वयनको ग्यारेन्टी गर्नसक्ने सामग्री र प्राविधिक आधार निर्माणका लागि शैक्षिक पूर्वाधार निर्माण सबैभन्दा आधारभूत र अत्यावश्यक कार्य भएको बताउँदै उहाँले राष्ट्रिय पुस्ता र जनताको समृद्धि र विकासका लागि हाम्रो पार्टीले गरेका सबै अभियानमध्ये यो सबैभन्दा सार्थक भएको बताउनुभयो ।

बाँकी पृष्ठ ६ मा

“सरकारले योजनाबद्ध रूपमा विद्यार्थी विदेश पठाइरहेको छ”



भक्तपुर, ६ मङ्सिर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरपालिकाद्वारा सञ्चालित कलेजहरूलाई सरकारले नयाँ विषयको स्वीकृति नदिई योजनाबद्ध तरिकाले विद्यार्थीलाई निजी कलेज, विदेशी सम्बन्धन प्राप्त कलेज वा विदेश पठाउने गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ३ कार्यालयद्वारा आयोजित एसईई, प्लस टु, स्नातक, स्नातकोत्तर र विद्यावारिधि उत्तीर्ण विद्यार्थीहरूलाई बधाई ज्ञापन कार्यक्रममा बोल्दै प्रमुख प्रजापतिले नगरपालिकाले नगरका हरेक विद्यार्थीलाई उच्च शिक्षासम्म अध्ययन गर्ने सुनिश्चितता प्रदान गरिरहेको बताउनुभयो ।

“नगरपालिकाले विभिन्न विषयमा विद्यावारिधिसम्म अध्ययन गर्न छात्रवृत्तिको व्यवस्था, नपाद्वारा सञ्चालित कलेजहरूमा गरिब तथा जेहेनदार विद्यार्थीका लागि वर्षको ४ करोडभन्दा बढी छात्रवृत्ति वितरण र गरिब परिवारका विद्यार्थीलाई शैक्षिक ऋण प्रदान गर्दै आएको छ,” उहाँले भन्नुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, “अरुको मुख ताक्नेहरू आत्मनिर्भर हुनसक्दैनन् । आत्मनिर्भरता नै स्वाभिमानीपूर्वक बाँच्ने सहज उपाय हो । कसैले दिन्छ भनेर आशा गरेर बस्ने होइन; आफ्नो ठाउँको विकास आफैले गर्ने प्रयास गर्ने हो । जनतासँग समन्वय र सहकार्य गर्दै भक्तपुर नगरपालिका अगाडि बढिरहेको छ ।”

सबै विषय उत्तिकै राम्रो भएको बताउँदै उहाँले हरेक विद्यार्थीले एउटा एउटा विषयमा विशेषज्ञता हासिल गरी देश र जनताको सेवा गर्नुपर्नेमा जोड दिनुभयो ।

वर्तमान सरकारको कार्यशैलीबारे उल्लेख गर्दै उहाँले भन्नुभयो, “भोटेकोसी बाढीका पीडितहरूले अहिलेसम्म राहत पाउन सकेका छैनन् । बीसौँ अर्ब रूपैयाँ प्रधानमन्त्री राहत कोषमा जम्मा भएको छ । पीडितहरूको हातमा नपुग्ने हो भने त्यो सहयोग रकमको के अर्थ ?”

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माकले नेपालमा काम नगरी निर्माण क्षेत्रमा प्रमाणपत्र मात्र पेस गर्नेहरूको सङ्ख्या २७ हजार रहेको जानकारी पाएको बताउँदै त्यस्तो काम गलत भएको बताउनुभयो ।

उहाँले ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङबाट मात्र भक्तपुरका सयौँ विद्यार्थीलाई इन्जिनियर बनाइसकेको उल्लेख गर्दै ख्वप सर्कलबाट देशभरिका विद्यार्थीलाई सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गरिरहेको बताउनुभयो ।

स्थानीय समाजसेवी रामसुन्दर खाताखो, विद्यार्थी प्रतिनिधि मनिष गोरालगायतले बोल्नुभएको उक्त कार्यक्रमको सभापतित्व भक्तपुर नगरपालिका वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले गर्नुभएको थियो ।

प्रमुख अतिथि प्रजापतिले विभिन्न विधामा उत्तीर्ण विद्यार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो ।

व्यङ्ग्यचित्र कुनो



नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको चौथो दिनका खेलहरू

छात्र छात्रा कबड्डीको फाइनल सम्पन्न

भक्तपुर, ६ मङ्सिर । भक्तपुर नगरपालिकाको आयोजनामा भइरहेको विद्यालयस्तरीय खेलकुद प्रतियोगिताअन्तर्गतको छात्र/छात्रा कबड्डी खेलको फाइनल खेलहरू सम्पन्न भयो ।

छात्र कबड्डीमा पारागन एकेडेमी स्कूल टीम प्रथम र ख्वप्रिङ एकेडेमी टीम द्वितीय भए । पारागण स्कूल ५२-३१ अङ्कले प्रथम भएको हो ।

त्यसैगरी छात्रा कबड्डीको फाइनल खेल दिनुभएको छ ।

उसु खेल सम्पन्न

भक्तपुर नगरपालिका वडा नं. ३ नासमनामा उसुका सम्पूर्ण विधाहरूको प्रतियोगिता सम्पन्न भयो ।

उसुको छानछ्वान इभेन्टमा पुरुषतर्फ वागीश्वरी माविका हेमराज गुभाजु प्रथम, मेधा माविका राज गोरा द्वितीय तथा वागीश्वरी माविकै



नगर प्रमुख सुनिल प्रजापतिद्वारा खो खो खेलका खेलाडीहरूलाई शुभकामना दिनुहुँदै

मिनर्वा स्कूल र साइनिङ स्टुडेन्ट स्कूलबिच भएको थियो । अत्यन्त प्रतिस्पर्धात्मक भए उक्त खेलमा मिनर्वा स्कूल २९-२८ अङ्कले विजय भएको थियो ।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले खेलाडीहरूले नियमित राम्रो खानपान गर्नु आवश्यक रहेको बताउनुभयो ।

उहाँले स्वस्थकर खाना र नियमित व्यायाम भएका मानिसहरू निरोगी हुने हुँदा खानपान र व्यायाममा सधैँ विशेष जोड दिनुपर्ने बताउनुभयो ।

पुरस्कार वितरण कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ४ का अध्यक्ष उपेन्द्र सुवाल र खेलकुद समितिका अध्यक्ष पशुपति प्रजापतिले पनि मन्तव्य राख्नुभएको थियो ।

कबड्डी प्रतियोगितामा विजय भएका खेलाडीहरूलाई भक्तपुर नगरपालिकाका उपप्रमुख जोशीले मेडल तथा प्रमाण-पत्र वितरण गर्नुभयो ।

ब्याडमिन्टन प्रतियोगिताको क्वाटर फाइनल खेलहरू सोमबार हुने

भक्तपुर नगरपालिकाको आयोजनामा भइरहेको भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको ब्याडमिन्टन प्रतियोगिता आइतबारबाट लिबालीस्थित कभर्ड हलमा सुरु भएको छ ।

प्रतियोगिता सुरु हुनुभन्दा अगाडि भएको कार्यक्रममा भक्तपुर नगरपालिका ७ नम्बर वडाका वडा अध्यक्ष उकेश कवांले भक्तपुर नगरपालिकाले हरेक वर्ष गरिरहेको नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता भइरहेको बताउनुभयो ।

उहाँले देशको शिक्षा, स्वास्थ्य र खेलकुद विकासमा राज्यको उचित ध्यान नदिएको बताउँदै देशभरका नगरपालिका र गाउँपालिकाले पनि भक्तपुर नगरपालिकाले जस्तै खेलकुदलाई महत्त्वका साथ अगाडि बढाउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

भक्तपुर जिल्ला ब्याडमिन्टन सङ्घका अध्यक्ष राजेन्द्रप्रसाद प्रजापतिले भक्तपुर नगरपालिकाले हरेक वर्ष गर्दै आएको खेलकुद प्रतियोगितामा हुने ब्याडमिन्टन प्रतियोगिताले ब्याडमिन्टन विकासको प्लेटफर्म तयार भएको बताउँदै विद्यार्थीले खेलकुदलाई पनि समय दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिका ७ नम्बर वडा खेलकुद समितिका अध्यक्ष केशव त्वानाबासूले सम्पूर्ण खेलाडी विद्यार्थीले खेलको नियमअनुसार खेल्नुपर्ने र खेल हारजितको लागि भन्दा पनि मित्रता, अनुशासन र स्वास्थ्यको लागि भएको बताउनुभयो ।

प्रतियोगिता सुरु हुनुभन्दा अगाडि भक्तपुर नगरपालिका ७ नम्बर वडाका वडा अध्यक्ष उकेश कवांले रेफ्री ज्वालाराम मुस्याख्वलाई राकेट र सतल हस्तान्तरण गर्नुभयो ।

ब्याडमिन्टन प्रतियोगिताको आइतबार भएको खेलहरूमा तिनै तहका प्रथम चरणका सम्पूर्ण खेलहरू सम्पन्न भएको छ भने क्वाटर फाइनलसम्मका सम्पूर्ण खेलहरू सोमबार सम्पन्न हुने जानकारी अफिसियल किशोर गोसाईले

सुपृच बासी तृतीय भए ।

उसुकै छानछ्वान इभेन्टको महिलातर्फ एभरेस्ट सेकेन्डरी स्कूलका विभुषा कासुला प्रथम, बाल विकास सेकेन्डरी स्कूलका ऐन्जल दुवाल द्वितीय तथा एभरेस्ट सेकेन्डरी स्कूलकै साइना कायस्थ तृतीय भए ।

उसुकै नान छ्वान इभेन्टमा पुरुषतर्फ मेधा



उपप्रमुख रजनी जोशीद्वारा कबड्डी खेलका खेलाडीलाई पुरस्कार वितरण गर्नुहुँदै

माविका रोशन बिक प्रथम, वागीश्वरी माविका विश्वराज गुभाजु द्वितीय तथा साइनिङ स्टुडेन्ट स्कूलका जेम्स लामा तृतीय भए ।

उसुकै नान छ्वान इभेन्टमा महिलातर्फ सैनिक आवासीय माविका सिल्भिया प्रजापति प्रथम, साइनिङ स्टुडेन्ट स्कूलका मिस्का तामाङ द्वितीय तथा एभरेस्ट सेकेन्डरी स्कूलका आरुणिया मुनंकर्मी तृतीय भए ।

छात्र थाइची छ्वानमा मेधा माविका रिसन तिमिला प्रथम, बाल विकास स्कूलका एरिज बोहजु द्वितीय, वागीश्वरी माविका सोम सुवाल तृतीय भए । त्यस्तैगरी, छात्रा थाइची छ्वानमा भने ख्वप्रिङ मलिका छ्वाजु प्रथम, एभरेस्ट स्कूलका आईस्मा सिमाछ्वा द्वितीय र एभरेस्टकै दिछेन लामा तृतीय भए ।

छात्र कुन्सुमा भने मेधा माविका राज गोरा प्रथम, वागीश्वरी माविका सुपृच वासी द्वितीय र मेधा माविका रिसन तिमिला तृतीय भए । त्यस्तैगरी, छात्र नानकुनमा मेधा माविका रोशन विक प्रथम, वागीश्वरी माविका विश्वराज गुभाजु द्वितीय र साइनिङ स्टुडेन्ट स्कूलका छिरिङ तामाङ तृतीय भए ।

त्यसैगरी, सान्डा ३० केजीमुनिको छात्रमा मेधा माविका शिव अछामी प्रथम, एभरेस्ट स्कूलका अयान अली द्वितीय र वागीश्वरी माविका आरुष हितान र साइनिङ स्टुडेन्ट एकेडेमीका सुशान्त तामाङ संयुक्त रूपमा तृतीय भए ।

त्यस्तै, ३३ केजीमुनिको छात्र सान्डामा वागीश्वरी माविका आसेन गुभाजु प्रथम, साइनिङ स्टुडेन्ट एकेडेमीका विवेक गुरुङ द्वितीय र बाल विकास स्कूलका सृनिक पाउँ र एभरेस्ट स्कूल दिवानप्रसाद कायष्ठ संयुक्त रूपमा तृतीय भए । ३६ केजीमुनिको सान्डामा साइनिङ स्टुडेन्टका दावा तामाङ प्रथम र साइनिङकै निवेश तामाङ द्वितीय र मेधा माविका महफुज आलाम र एभरेस्ट स्कूलका रायनव शिल्पकार संयुक्त रूपमा तृतीय भए ।

त्यस्तै, ३९ केजीमुनिको सान्डामा मेधा माविका इभान सुवाल प्रथम, एभरेस्ट स्कूलका राजन मानन्धर द्वितीय र एभरेस्ट स्कूलकै अधिसेस खड्का र निलस अवाल संयुक्तरूपमा तृतीय भए । ४२ वर्षमुनिको सान्डा खेलमा साइनिङ स्टुडेन्ट स्कूलका डेन्सन तामाङ प्रथम र मेधा माविका जीवराज कोइराला द्वितीय भए ।

४५ केजीमुनिको छात्र खेलमा भने मेधा माविका मिगमार तामाङ प्रथम, बाल विकास स्कूलका रितेश छुजु द्वितीय र साइनिङ स्टुडेन्ट स्कूलका सम्राट क्षेत्री र मेधा माविका लोकेन्द्र श्रेष्ठ संयुक्तरूपमा तृतीय भए । ४८ केजीमुनिको सान्डामा मेधा माविका विवस मगर प्रथम, मेधा माविकै अमिर तामाङ द्वितीय र साइनिङ स्टुडेन्ट स्कूलका प्रिन्स सायजु तृतीय भए । ५२ केजीमुनिको सान्डामा एभरेस्ट स्कूलका सुरभ भेले प्रथम, मेधा माविका रेगनसन वैद्य द्वितीय र बाल विकासका आर्जन धुख्वा तृतीय हुन सफल भए ।

त्यस्तै, ५६ केजीमुनिको छात्र सान्डामा मेधा माविका रुसन बाइजु प्रथम र एभरेस्ट स्कूलका सहज गोसाई द्वितीय भए । ६० केजीमुनिको सान्डामा साइनिङ स्टुडेन्ट स्कूलका सन्देश मगर प्रथम, मेधा माविका अमृत लोप्चन द्वितीय र एभरेस्ट स्कूलका इडसन साख तृतीय भए ।

त्यस्तैगरी, ३३ केजीमुनिको छात्रा सान्डामा साइनिङ स्कूलका दुर्शा कायष्ठ प्रथम र मेधा माविका स्मारिका तामाङ द्वितीय भए । ३६ केजीमुनिको सान्डा छात्रामा एभरेस्ट स्कूलका प्रनिसा कोजु प्रथम, सिम्रिक प्रजापति द्वितीय, सुरवी बराल र प्रशिद्धि कायष्ठ संयुक्तरूपमा तृतीय हुन सफल भए ।

त्यस्तै, ३९ केजीमुनिको सान्डामा मेधा माविका रिया कोजु प्रथम, मेधाकै मिश्कला राई द्वितीय र साइनिङ स्कूलका शिखा तामाङ र लिजा तामाङ संयुक्तरूपमा तृतीय भए । ४२ केजीमुनिको सान्डा खेलमा मेधा माविका नुरसाना खातुन प्रथम, साइनिङ स्टुडेन्ट स्कूलका सम्तेन लामा द्वितीय र एभरेस्ट स्कूलका श्रीयना दाहाल तृतीय भए । ४५ केजीमुनिको छात्रा खेलमा भने होली गार्डेन स्कूलका रुजा दुवाल प्रथम, साइनिङ स्कूलका कृपा मगर द्वितीय र मेधा माविका निरिसमा तामाङ र करिना तामाङ श्रेष्ठ संयुक्तरूपमा तृतीय भए । ४८ केजीमुनिको सान्डामा मेधा माविका स्मृति तामाङ प्रथम र एभरेस्ट स्कूलका स्मारिका सुवेधी द्वितीय भए ।

त्यस्तैगरी, ५२ केजीमुनिमा एभरेस्ट स्कूल लुङ्गमा लिम्बु प्रथम, मिनर्वा स्कूलका नेन्सा खर्बुजा द्वितीय र साइनिङ स्कूलका स्मारिका लामा र एभरेस्टका इच्छा बल संयुक्तरूपमा तृतीय हुन सफल भए ।

त्यस्तै, ५६ केजीमुनिको छात्रा सान्डामा एभरेस्ट स्कूल दृशना पौडेल प्रथम, मेधा माविका प्राप्ति बल द्वितीय, मेधाकै यूनिका राई र एभरेस्ट स्कूलका मेधावी बखु संयुक्त रूपमा तृतीय भए । ६० केजीमुनिको छात्रा सान्डामा मेधा माविका सरा दुवाल प्रथम, एभरेस्टका प्राप्ति शर्मा द्वितीय र साइनिङ स्कूलका सवी मोक्तान तृतीय भए ।

एथलेटिक्सको दोस्रो दिनसम्म खेलको १८ वटा विधाका इभेन्ट सम्पन्न

भक्तपुर नगरपालिकाको आयोजनामा सञ्चालित नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको एथलेटिक्सको दोस्रो दिनसम्म १८ वटा विधाका इभेन्ट सम्पन्न भयो ।

पहिलो दिन एथलेटिक्सको लङजम्प छात्रातर्फ बासु माविका कृतिका मानन्धर ३.५६ मिटर दुरी पार गरी प्रथम, बाल बिकास इङलिस सेकेन्डरी स्कूलका जोयता दथेपुथे ३.४६ मिटर दुरी पार गरी द्वितीय तथा ज्ञान विजय आविका रोशनी चौधरी ३.२१ मिटर दुरी पार गरी तृतीय भए ।

एथलेटिक्सको लङजम्प छात्रतर्फ बासु माविका ग्रीष्मनाथ योगी ४.९१ मिटर दुरी र प्रेम सिलवाल ४.६४ मिटर दुरी पार गरी क्रमश:

बाँकी पृष्ठ ७ मा

भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकूद प्रतियोगिताको चौथो दिन

२०८३ मंसिर ६ गते सम्मको पदक तालिका

(उसु, कराते, जिम्नाष्टिक, तेक्वान्डो, चेस, कब्बड्डीका सम्पूर्ण इभेन्टहरू र एथलेटिक्सका आंशिक इभेन्टहरुका मेडलहरू समावेश गरिएको)

सिनं.	विद्यालयको नाम	स्वर्ण	रजत	कास्य	जम्मा
१	मेधा मा. वि.	१५	१०	७	३२
२	ख्वप्रिङ इ. एकेडेमी	९	८	३	२०
३	वागीश्वरी मा. वि.	८	९	१२	२९
४	बासु मा.वि.	८	५	७	२०
५	एभरेष्ट इ. स्कुल	७	११	१८	३६
६	प्रभात इ.से.स्कुल	७	४	४	१५
७	सैनिक आवासिय महाविद्यालय	६	५	६	१७
८	जेन्युइन इ.से.स्कुल	५	१	६	१२
९	साइनिङ इ. एकेडेमी	४	९	११	२४
१०	लनर्स एकेडेमी	४	२	४	१०
११	पारागन एकेडेमी	४	१	१	६
१२	गणेश मा.वि.	४		७	११
१३	जेसिस इ.से.स्कुल	३	४	१	८
१४	पद्म मा.वि.	३	२	१	६
१५	बाल विकास इ.से.स्कुल	२	९	१४	२५
१६	माउन्ट भ्याली इ. स्कुल	२	४	१०	१६
१७	मिनर्वा इ.स्कुल	२	४	६	१२
१८	शारदा मा.वि.	२	३	२	७
१९	हिमालयन इ.से.स्कुल	२	२	५	९
२०	डेमोस इ. स्कुल	२		३	५
२१	आदर्श आजाद मा.वि.	२			२
२२	सेकरिड हार्ट एकेडेमी	१	१	४	६
२३	केयर किन्डर वल्ड	१	१	२	४
२४	सुर्यबिनायक इ.से.स्कुल	१	१	१	३
२५	ज्ञानतारा इ.स्कुल	१	१		२
२६	नवीन आ. वि.	१		२	३
२७	होली गार्डेन इ.स्कुल	१		१	२
२८	प्रोक्सिमा इ.एकेडेमी	१		१	२
२९	गोल्डेन गेट इ.से.स्कुल	१			१
३०	हंशवाहिनी आ.वि.	१			१
३१	ख्वप मा.वि.	१			१
३२	न्यातापोल से.स्कुल	१			१
३३	सनसाइन नेसनल स्कुल	१			१
३४	शान्ति निकेतन मा.वि.		२	१	३
३५	ग्लिटर फ्युचर इ.स्कुल		२		२
३६	कमलबिनायक किन्डरगार्टन		१	३	४
३७	जागृति मा.वि.		१	२	३
३८	लिशा इ.से.स्कुल		१	१	२
३९	महेन्द्र विद्या आश्रम		१	१	२
४०	सेरफ वल्ड प्रिस्कुल		१	१	२
४१	विद्यार्थी निकेतन मा.वि.		१	१	२
४२	ब्राइट स्टार इ.स्कुल		१		१
४३	मनकामना इ.स्कुल		१		१
४४	शारदा आ.वि.		१		१
४५	लिटल वल्ड इ.स्कुल			२	२
४६	प्रोवेश एकेडेमी			२	२
४७	विद्या आर्जन से.स्कुल			२	२
४८	भक्तपुर मोडर्न इ.से.स्कुल			१	१
४९	दत्तात्रय आ.वि.			१	१
५०	ग्लोबल लाइफ स्कुल			१	१
५१	ज्ञान विजय आ.वि.			१	१
५२	निकोल्सन इ.से.स्कुल			१	१
५३	सरस्वती विद्यागृह			१	१
५४	सुर्योदय से.स्कुल			१	१
५५	वाइज ल्याण्ड से.स्कुल			१	१

मैत्रीपूर्ण फुटसल प्रतियोगिता सम्पन्न

भक्तपुर, ६ मङ्सिर । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ ९ वडा समितिको आयोजनामा आउँदो मङ्सिर १३ गते दत्तात्रयमा हुने बधाई ज्ञापन तथा सांस्कृतिक कार्यक्रमको प्रचारार्थ समितिको आयोजनामा नेपाल क्रान्तिकारी युवा सङ्घ र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ मैत्रीपूर्ण फूटसल प्रतियोगिता शनिबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले बल हस्तान्तरण गर्दै खेलाडीलाई शुभकामना तथा हौसला प्रदान गर्नुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घबिच भएको पहिलो चरणको खेलमा विद्यार्थी सङ्घ ६-२ गोलले विजयी भयो । दोस्रो चरणको खेलमा युवा सङ्घ ५-४ गोल अन्तरले विजयी भयो ।

२०८३ सालमा १० जोड २, स्नातक, स्नातकोत्तर र एमफिल तथा पीएचडी उत्तीर्ण महानुभावहरूलाई मङ्सिर १० गतेभित्र आफ्नो लब्धाङ्क पत्रको प्रतिलिपि स्थानीय प्रगति पुस्तकालय र मानन्धर व्यायाम मन्दिरमा बुझाउन आयोजकले अनुरोध गरेको छ ।

आयोजक समितिले आउँदो मङ्सिर १३ गते आइतबार दत्तात्रयमा हुने बधाई ज्ञापन तथा सांस्कृतिक कार्यक्रममा वडावासी तथा नगरवासीहरूमा दिनको ४ बजे उपस्थितिको निम्ति अनुरोध गरेको छ ।

१५ विद्यालयबिच लोकनृत्य प्रतियोगिता सम्पन्न

भक्तपुर, ६ मङ्सिर । सार्वजनिक माध्यमिक विद्यालय संयुक्त परीक्षा समिति, भक्तपुरको वार्षिक कार्यतालिकाअनुसार गणेश माध्यमिक विद्यालय, छालिडको आयोजनामा विद्यालय प्राङ्गणमा लोकनृत्य प्रतियोगिता सम्पन्न भयो ।

प्रतियोगितामा समितिमा आबद्ध १५ वटा विद्यालयका विद्यार्थीले विभिन्न जातजाति तथा समुदायका लोकगीत र नृत्य प्रस्तुत गरेका थिए । प्रतियोगितामा मारुनी, झोडा, मेचे, कुलुङ, थारू, टप्पा, साकेला, तामाङ सेलो, धिमे तथा मयुर नृत्यलगायतका नृत्यहरू प्रस्तुति समावेश थिए । सहभागी विद्यार्थीहरूले मौलिक भेषभूषा, शृङ्गार र सांस्कृतिक परम्परा झल्किने झाँकीसहित नृत्य प्रस्तुत गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि रोशनराज तुईतुईले यस्ता सांस्कृतिक प्रस्तुतिमा उत्कृष्ट भएजस्तै अध्ययनमा पनि प्रतिस्पर्धा गरी सफल हुन विद्यार्थीलाई शुभकामना दिनुभयो । संयुक्त परीक्षा समितिले विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दै आएको उल्लेख गर्दै उहाँले आगामी दिनमा पनि विद्यार्थीले उच्च मनोबलका साथ उत्कृष्ट प्रस्तुति दिने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा अतिथि रविलाल प्रधानले विद्यार्थीको प्रस्तुति व्यावसायिक कलाकारहरूको प्रस्तुतिभन्दा कम नरहेको बताउनुभयो ।

निर्णायकद्वय अम्बरकृष्ण चन्द र दीपक काजी बज्राचार्यले प्रतियोगिताका निर्धारित मापदण्डअनुसार शृङ्गार, भेषभूषा, हाउभाउ, समय व्यवस्थापन, मञ्च व्यवस्थापन, मौलिक संस्कृति र सुरतालका आधारमा मूल्याङ्कन गर्नुभएको थियो । प्रतियोगितामा आदर्श आजाद माध्यमिक विद्यालय प्रथम, वागीश्वरी माध्यमिक विद्यालय द्वितीय र सरस्वती विद्यागृह माध्यमिक विद्यालय तृतीय भए ।

विद्यालयका प्रधानाध्यापक इन्द्रबहादुर फोजुको सभापतित्वमा सम्पन्न कार्यक्रममा विद्यालयका सहायक प्रधानाध्यापक रामकृष्ण त्यात र शिक्षक लक्ष्मीनारायण लिगलले पनि बोल्नुभएको थियो ।

समारोहमा विद्यालयका पूर्वशिक्षक हरिनारायण लागेजु र पूर्वविद्यार्थी बाबुकाजी दथेपुथेले बाँसुरीको साङ्गीतिक धुन प्रस्तुत गर्नुभयो ।

कोरला नाकाबाट चार महिनामा सात हजार विद्युतीय सवारीसाधन आयात

मुस्ताङ, ६ मङ्सिर । नेपाल-चीन सीमा कोरलानाबाट चालु वर्षको पहिलो चार महिनामा सात हजार विद्युतीय सवारीसाधन (इभी) नेपाल भित्र्याइएको छ ।

गत भदौ १० गते रसुवाको भोटेकोसी बाढीका कारण रसुवागढी नाका पूर्ण रूपमा बन्द भएकाले विद्युतीय सवारीसहितका मालसामान यस नाकाबाट आउने क्रम वृद्धि भएको हुन सक्ने भन्सार कार्यालय अधिकृत अमिन्द्र सिंहले जानकारी दिनुभयो ।

उहाँका अनुसार, चालु वर्षको साउनमा एक सय, भदौमा एक हजार २५३ तथा असोज र कार्तिकमा थप पाँच हजार ६४७ को सङ्ख्यामा ती विद्युतीय नेपाल भित्रिएका हुन् ।

यसैबिच, नेपाल भित्रिएका ती सवारीसाधनलाई गन्तव्यसम्म पुऱ्याउन जोखिमपूर्ण सडक र दक्ष चालकको अभाव हुँदा विभिन्न चुनौती खेप्न परेको भन्सार प्रमुखको भनाइ छ ।

सोही समस्याका कारण मुस्ताङ भन्सारमा जाँचपास भई गन्तव्यतर्फ प्रस्थान गरेका दर्जनौं विद्युतीय सवारीसाधन अझै पनि सडकमै रहेको पाइएको छ । चार महिनामै उठ्यो १२ अर्ब ५५ करोड बढी राजस्व

मुस्ताङ भन्सार कार्यालयले चालु आर्थिक बर्षको पहिलो चार महिनामा रु. १२ अर्ब ५५ करोड १४ लाख राजस्व सङ्कलन गरेको छ । उक्त कार्यालयको वार्षिक राजस्व सङ्कलन लक्ष्य रु. नौ अर्ब रहेको छ ।

पहिलो चार महिनामै लक्ष्यभन्दा तीन अर्ब ५५ करोड १४ लाख बढी राजस्व सङ्कलन भएको भन्सार अधिकृत सिंहले जानकारी दिनुभयो ।

कार्यालयका अनुसार चालु वर्षको पहिलो चौमासिकमा रु. ३० अर्ब नौ करोड नौ लाख मूल्य बराबरको मालवस्तु चीनबाट पैठारी भएको छ । त्यस नाकाबाट खासगरी विद्युतीय सवारी, लत्ताकपडा, कस्मेटक सामान, इलेक्ट्रोनिक उपकरण, निर्माण सामाग्री, फलफूल र खाद्यान्नलगायत सामान आयात भएको छ ।

त्यस्तै, चालु वर्षको पहिलो चौमासिकमा त्यो नाका भएर नेपालबाट रु. २९ करोड ५२ लाख बढीको मालवस्तु चीनतर्फ निकासी भएको छ । नेपालबाट खासगरी हस्तकलाका सामान र नेपाली उत्पादन रहेको भन्सार अधिकृत सिंहले जानकारी दिनुभयो । ***(रासस)***

आठबिस-९ मा नेमकिपाको चौथो वडा सम्मेलन सम्पन्न

नयाँ र पुराना सत्ता सञ्चालकका चुनावी आश्वासन र व्यवहारबिच ठुलो अन्तर



दैलेख, ६ मङ्सिर । नेपाल मजदुर किसान पार्टी आठबिस नगरपालिका वडा नं. ९ को चौथो वडा सम्मेलन सम्पन्न भयो । सम्मेलनको उद्घाटन नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले गर्नुभयो ।

सम्मेलनको उद्घाटन गर्दै प्रमुख अतिथि शाहीले नयाँ सत्ता र शक्तिको भ्रम सिर्जना गरेर जनतालाई झुक्याउने प्रवृत्तिको आलोचना गर्नुभयो । उहाँले सत्ता र शक्तिको स्थायित्वको दावी गर्नेहरूले आफ्नो सत्ता ५०-१०० वर्षसम्म टिकाउन सक्नुपर्ने भन्दै जनतालाई बेइमानी र बदमासी गरेर धोका दिनेहरू जनतासामु आत्मालोचित हुनुपर्ने र कान समातेर उठबस गर्नुपर्ने टिप्पणी गर्नुभयो ।

उहाँले नेपाली काङ्ग्रेस, नेकपा एमाले, माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायत नयाँ तथा पुराना सत्तासीन दलहरूले चुनावी नारा र घोषणापत्रमार्फत जनतालाई आकर्षक सपना बाँडे पनि व्यवहारमा जनताका मौलिक अधिकारमाथि क्रमशः हस्तक्षेप भइरहेको बताउनुभयो । २०४६ सालको जनआन्दोलनदेखि २०६२/६३ को जनआन्दोलनसम्मका सङ्घर्षबाट प्राप्त अधिकारसमेत कुण्ठित गर्ने र सरकारका गलत कामविरुद्ध बोल्न पाउने नागरिकको अधिकारमाथि बन्देज लगाउने प्रवृत्ति जनमतविपरीत रहेको उहाँको भनाइ थियो ।

नयाँ भनिएको रास्वपा नेतृत्वको सरकारसमेत आफ्ना चुनावी नारा र प्रतिबद्धताविपरीत अघि बढेको उल्लेख गर्दै सामान्य रूपमा सरकारविरुद्ध गीत गाएको निहुँमा नागरिकलाई पक्राउ गर्ने र जेल हाल्ने प्रवृत्ति सरकारको नालायकीपन भएको उहाँले बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य बखतबहादुर थापाले समाज र देशको भविष्यप्रति सबै नागरिक सचेत र चिन्तित हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले देश विकास गर्नु, जनतालाई गाँस, बास र कपासको सुनिश्चितता गर्नुका साथै स्वास्थ्य र शिक्षाजस्ता आधारभूत सेवा सहज रूपमा उपलब्ध गराउनु सरकारको प्रमुख दायित्व भएको बताउनुभयो । नागरिकलाई अनुशासित, योग्य, दक्ष र सक्षम बनाउने जिम्मेवारीबाट सरकार विमुख हुन नहुने उहाँको भनाइ थियो ।

सरकारले जनताका आधारभूत आवश्यकता र जनजीविकाका सवाललाई बेवास्ता गरेका कारण नागरिकमा राजनीतिक दलहरूप्रति वितृष्णा बढ्दै गएको उहाँले उल्लेख गर्नुभयो । नेपालमा सत्तासीन दलहरूले राजनीतिलाई व्यापार र व्यक्तिगत लाभको माध्यम बनाएको आरोप लगाउँदै उहाँले पुँजीवादको विकल्प समाजवाद भएको बताउनुभयो ।

सम्मेलनमा नेमकिपा दैलेख जिल्ला समितिका अध्यक्ष खगेन्द्रबहादुर शाही, नेमकिपा बाँके जिल्ला अध्यक्ष शेरबहादुर विक, नेमकिपा दैलेख जिल्ला समितिका उपाध्यक्ष मानबहादुर सिजापती, नेमकिपा जिल्ला समिति सदस्य तथा चामुण्डा विन्द्रासैनी नगरपालिका वडा नं. ७ का निर्वाचित वडाध्यक्ष इन्द्र चौलागाईं, नेमकिपा जिल्ला समिति सदस्य सौरे कामी, नेमकिपा चामुण्डा विन्द्रासैनी नगर समिति अध्यक्ष दीपक शाही, नेमकिपा दैलेखका पूर्वजिल्ला समिति सदस्य लालबहादुर सिजापती, नेमकिपा आठबिस नगर समिति अध्यक्ष जयबहादुर बडुवाल तथा नेमकिपा आठबिस नगरपालिका वडा नं. १ एकाइ समिति अध्यक्ष मोतीराम सुनारलगायतले सम्मेलनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो ।

चौथो वडा सम्मेलन तयारी समिति संयोजक तेजबहादुर सिजापतीको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन बलबहादुर विश्वकर्माले गर्नुभएको थियो भने मानबहादुर सिजापतीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा नवीन कठायतले गजल प्रस्तुत गर्नुभएको थियो ।

११ सदस्यीय नेमकिपाको आठबिस नगरपालिका वडा नं. ९ समिति चयन

नेपाल मजदुर किसान पार्टीको आठबिस नगरपालिका वडा नं. ९ को वडा सम्मेलनको बन्दसत्रले नयाँ समिति चयन गरेको छ । बन्दसत्रबाट तेजबहादुर सिजापतिको अध्यक्षतामा ११ सदस्यीय समिति चयन गरिएको हो ।

नवनिर्वाचित समितिको उपाध्यक्षमा विष्णुबहादुर कठायत, सचिवमा बलबहादुर बि.क., सहसचिवमा नवीन कठायत र कोषाध्यक्षमा नवीन सिजापति चयन हुनुभएको छ ।

बन्दसत्रमा नेमकिपा केन्द्रीय सदस्य बखतबहादुर थापाको अध्यक्षतामा अध्यक्षमण्डल गठन गरिएको थियो । अध्यक्षमण्डलका सदस्यहरूमा मानबहादुर सिजापति र दीपकबहादुर शाही रहनुभएको थियो ।

बन्दसत्रमा नेमकिपा केन्द्रीय सदस्य बखतबहादुर थापाले नेपालमा सत्ता सञ्चालन गर्ने जुनसुकै पार्टी आए पनि विचार र सिद्धान्तको अनुयायी बन्नुभन्दा अवसरका लागि पार्टीको आवरण धारण गर्ने, जालझेल र षड्यन्त्रमा संलग्न हुने प्रवृत्ति देखिएको बताउनुभयो । यस्ता प्रवृत्तिले 'दुखी, गरीब र कमजोर जनतामाथि शासन गर' भन्ने नियतअनुसार काम गरिरहेको उल्लेख गर्दै उहाँले त्यसको विकल्पमा बहुमत जनताको शासन व्यवस्था स्थापनाका लागि नेमकिपाले सङ्घर्ष गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेमकिपा दैलेख जिल्ला समितिका उपाध्यक्ष मानबहादुर सिजापतिले नेपाललाई विकासको मोडेलमा युरोप र अमेरिकाको स्तरमा पुऱ्याउने दावी गर्ने नयाँ भनिएको सरकारले पनि विगतका काङ्ग्रेस, एमाले र माओवादीकै शैली अपनाएको आरोप लगाउनुभयो ।

अध्यक्षमण्डलका सदस्य तथा नेमकिपा चामुण्डा विन्द्रासैनी नगर समितिका अध्यक्ष दीपकबहादुर शाहीले नेमकिपाका प्रत्येक कार्यकर्ता कर्मठ र सङ्घर्षशील भई निःस्वार्थ सेवाभावका साथ जनताको पक्षमा काम गर्नुपर्नेमा जोड दिनुभयो ।

बन्दसत्रमा सहभागी कार्यकर्ताहरूबाट समिति चयन तथा समसामयिक राजनीतिक विषयमा विचार व्यक्त गर्ने काम भएको थियो ।

भक्तपुर साकोसमा एकदिने दही तथा पनिर बनाउने तालिम सम्पन्न



भक्तपुर, ६ मङ्सिर । भक्तपुर बचत तथा ऋण सहकारी सस्था लि.को कृषि उपसमितिको आयोजनामा भक्तपुरको मौलिक स्वाद र नेवारी संस्कृति झल्काउने भक्तपुरको पहिचान बोकेको जुजु धौ बनाउन नयाँ पुस्तामाझ सीप हस्तान्तरण गर्दै उद्यमशिलता बनाउने उद्देश्यले शनिबार एकदिने दही तथा पनिर बनाउने तालिम सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका उपाध्यक्ष लक्ष्मीप्रसाद कुसीले सहकारीले आर्थिक कारोबारमा मात्र सीमित नरही सदस्यहरूको ज्ञान, सीप, क्षमता र आर्थिक सशक्तीकरणमा समेत योगदान पुऱ्याउनुपर्छ भन्ने मान्यतालाई आत्मसात गर्दै विभिन्न तालिम सञ्चालन गर्दै आएको बताउनुभयो । तालिम लिनु र सिकेको सीपलाई आफ्नो घरायसी प्रयोजनको लागि मात्र नभई व्यवसायिक रूपमा उत्पादन गरी आत्मनिर्भर भई आर्थिक रूपमा सबल बन्न सकेमा मात्र तालिमको औचित्य हुने उहाँले बताउनुभयो ।

उहाँले उपभोक्ताको स्वास्थ्यलाई मध्यजर गर्दै स्वच्छ र स्वस्थकर तरिकाले उत्पादन गरी गुणस्तरमा कुनै सम्झौता नगरी स्वाद र स्वरूपमा एकरूपता कायम गरी बजारमा आफ्नो छुट्टै पहिचान बनाउने उद्देश्यका साथ अगाडि बढ्न आग्रह गर्नुभयो ।

कार्यक्रमका सभापति एवम् कृषि उपसमितिका संयोजक रामलक्ष्मी दुवालले धार्मिक, सांस्कृतिक र पराम्पराको लागि मात्र नभई स्वास्थ्यको दृष्टिकोणले पनि दहीको महत्त्वमाथि प्रकाश पार्दै जन्मदेखि मृत्युसम्मका हरेक शुभ कार्य र संस्कारहरूमा दहीको प्रयोगबिना हाम्रो धार्मिक कार्य नहुने भएकोले तालिम सञ्चालन गरेको बताउनुभयो ।

उहाँले आगामी दिनमा पनि समय सान्दर्भिक सीपमूलक तालिमहरू सञ्चालन गरी प्रशिक्षार्थीहरूलाई दक्ष बनाई व्यवसायिकतातर्फ प्रेरित गर्न सहकारी अग्रसर रहने बताउनुभयो ।

तालिमका प्रशिक्षक सरिता त्यातले आफूले सिकेको सीप र भक्तपुरको मौलिक उत्पादन दही बनाउने कलालाई प्रशिक्षार्थीमाझ बाँड्न पाउँदा निकै खुसी लागेको बताउनुभयो । नयाँ पुस्ता यसरी सीप सिक्न र उद्यमी बन्न उत्सुक देखिँदा स्थानीय उत्पादन अझ विस्तार हुनाका साथै परम्परागत सीपको जगेर्ना हुने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

कृषि उपसमितिका सदस्य बालकृष्ण कुसीले सञ्चालन गरेको उक्त कार्यक्रममा प्रशिक्षार्थी सत्यनारायण प्रजापतिले पनि तालिम अवधिको अनुभव राख्नुभएको थियो ।

संस्थाका अध्यक्षले तालिममा सहभागी २५ जना प्रशिक्षार्थीहरूहरूलाई प्रमाणपत्र प्रदान गरी प्रशिक्षक सरिता त्यातलाई मायाको चिनो प्रदान गरेसँगै तालिमको समापन भयो ।

। सम्पादकीय ।

प्रतिपक्षी हुँदा उठाएका विषय सरकारमा हुँदा किन पूरा भएन ?

रास्वपाका सांसदहरूले गत फागुन २१ गतेको निर्वाचनमा उम्मेदवार हुँदा भान्सा, शिक्षा, स्वास्थ्य उपचार महँगो भएको विषय उठाएका थिए । रास्वपाको सरकार गठन भएको आठ महिना भयो । यतिबेला नेपाली जनता ३ सय प्रतिशत महँगीको मारमा परे । रास्वपा सरकार र यसका मन्त्री तथा सांसदहरू विदेश घुम्ने प्रतिस्पर्धामा छन् । केही सांसदहरू निर्वाचनलगत्तै दुई वर्ष विदेश नजाने बाचा कहाँ गयो भनी प्रश्न गर्दै छन् ।

रास्वपा प्रमुखको भारत भ्रमण पनि मङ्सिर ६ गतेबाट सुरु भयो भने ७ गते स्वदेश फिर्ता हुँदै छ । नेपालका हरेक सरकार प्रमुखहरू ढिलो वा चाँडो भारतको औपचारिक भ्रमण नगरी बिदा भएको अभिलेख छैन । रास्वपा सरकार प्रमुख काठमाडौँ महानगरपालिकाको प्रमुख हुँदा सामाजिक सञ्जालमा सार्वजनिक भयो । नेपालको नक्सा चुच्चे अर्थात् लिम्पियाधुरासम्मको पारित भएपछि पनि भारतले चीनसँग नेपालको भूमि लिपुलेकलाई व्यापारिक नाका बनाउने गरी सम्झौता गरेको हुँदा चीनको निमन्त्रणामा हुने पाँचदिने भमणमा नैतिकताको आधारमा नजाने निर्णय गरिएको सार्वजनिक भएको थियो । त्यस्तै एमालेका केपी ओली सरकार प्रमुख भएर चीन भ्रमण गएको बेला रास्वपा सरकार प्रमुखले कामनपाको प्रमुखको हैसियतमा लिपुलेक व्यापारिक नाका विषय भारतले चीनसँग गरेको सम्झौता उठाउन बिर्सन नहुने सामाजिक सञ्जालमा उल्लेख गरेका थिए ।

चीनले छिमेकी देशलगायत टाढाको देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने दोहोऱ्याउँदै आएको पुरानो हो । लिपुलेक नाकाबारे भारतसँग भएको सहमतिमा नेपालको सार्वभौमिकतामा हस्तक्षेप भए चीनलाई सो सहमति मान्य नहुने विषय सुरुमै स्पष्ट गरेको हो । नेपालका सरकारले कालापानीसम्मको नेपालको नक्सा जारी भएको छिमेकी देश भारत र चीनलाई सूचित नगरेको र संयुक्त राष्ट्र सङ्घलगायत अन्तर्राष्ट्रिय संस्थाहरूलाई पनि जानकारी नगराएको खुलेकै हो । अघिल्ला सरकारको यो कमजोरीलाई रास्वपा सरकारले आठ महिनासम्म पनि किन सच्याएन ?

रास्वपा सरकार नेपालको भूमि दाबी गर्न नसक्ने उल्टो नेपालले भारतको जग्गा मिचेको भनी देशघाती अभिव्यक्ति दिने अर्थात भारतीय शासक वर्गको 'स्यावासी' लिने प्रतिस्पर्धामा लाग्यो । रास्वपा सरकारले नेपालको भूमि लिम्पियाधुरा, सुस्ता, कालापानी, लिपुलेकबारे भारतसँग यसपटकको भ्रमणमा उठाउने साहस गर्ला ? के रास्वपा सरकारले भारतसँग नेपालीलाई भाडाको सिपाही बनाउने सन् १९५० को गोर्खा भर्ती र नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल-भारत सन्धि खारेज गर्नुपर्ने विषय उठाउला ? अहँ, उठाउने छैन ।

राजनीतिमा लागेकाहरूले विपक्षीमा बस्दा जे विषय उठाएको हो सरकारमा पुगेपछि ती विषय कार्यान्वयन गरेर देश र जनताको सेवा गर्ने हो । नेका, एमाले, माओवादीको सरकार हुँदा रास्वपा विपक्षीमा बसेर आलोचना गरेका विषयहरू त सामाजिक सञ्जाल र यु ट्युबमा सुरक्षित छन् । रास्वपा सरकारले आफ्ना प्रतिबद्धताहरू स्मरणमा समेत राखेको देखिएन ।

देशको अवस्थाबारे उठेका प्रश्न

- रास्वपा सरकार प्रमुखको भारत भ्रमणमा नेपालले दुई अर्ब डलर बराबरको सहुलियतपूर्ण ऋण र अनुदान पाउने खबर बाहिरियो । भारतका ५० करोड जनता खुला शौचालयमा जाने र ३० करोड जनता दिनको एक छाक खाने अवस्थामा छ । यो अवस्थामा भारतबाट दुई अर्ब डलर पाउने रास्वपा सरकारको अपेक्षा पूरा हुने अवस्था छैन । यसअगाडि २०७० सालमा नेपालको संविधानसभामा सम्बोधन गर्दै भारतीय प्रम मोदीले एक खर्ब रुपैयाँ सहयोग गर्ने बाचा दिएका थिए तर पूरा गरेनन् । रास्वपा विपक्षीमा हुँदा यसले शासक दलहरूलाई देश ऋणमा डुबाएको भनी विरोध गरेको थियो । आज रास्वपा स्वयम् देशलाई ऋणमा डुबाउँदै छ । देशलाई ऋणमा डुबाउनेहरूदेखि नेपाली जनता सचेत कहिले हुने हो ?
- विराटनगरको एक कार्यक्रममा रास्वपा अर्थमन्त्री वाग्लेले निजी उद्योग र लगानीको सुरक्षा सरकारले गर्ने बताए । यो कुनै नयाँ विषय होइन । पहिलेका सरकारहरूले गर्दै आएका हुन् । काठमाडौँ उपत्यकाजस्तो जनघनत्व अधिक भएको ठाउँमा प्रदूषण फाल्ने औद्योगिक क्षेत्रहरू यथावत राखी जनताको स्वास्थ्यमा प्रतिकूल स्थिति पैदा किन गर्ने ? यसबारे अर्थमन्त्रीको जवाफ के छ ?
  अर्थमन्त्रीले नेपालमा लागत उच्च, कृषि उपज महँगो, ढुवानी र भण्डारणमा बढी खर्च, सीमापार व्यापारमा अनिश्चितता, भरपर्दो ऊर्जा किन नभएको भनी प्रश्न उठाए । यो त जनताले उठाउँदै आएका प्रश्नहरू हुन् । जवाफ अर्थमन्त्रीले दिनुपर्ने होइन ।

शेन्झेन तेस्रो विश्वयुद्धबाट टाढिने पहिलो कदम थियो

✍ स्कट रित्तर

(पुटिन, ट्रम्प र सीबिचको भेटवार्ताको सबैभन्दा महत्त्वपूर्ण नतिजा आणविक प्रलय टार्ने प्रतिबद्धता थियो ।)

चीनको शेन्झेनमा हालै सम्पन्न विश्वका 'ठुला तीन' (Big Three) नेताहरू - चीनका राष्ट्रपति सी चिनफिङ, रुसका राष्ट्रपति भ्लादिमिर पुटिन र संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पबिचको बैठक करिब ८० देखि ९० मिनेटसम्म चल्यो । यस बैठकले 'शान्तिका लागि राष्ट्राध्यक्षहरूको संयुक्त घोषणा' नामक एक सङ्क्षिप्त दस्ताबेज जारी गऱ्यो ।

उक्त घोषणापत्रका मुख्य बुँदाहरूमा संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्को सुधार, विश्वव्यापी ऊर्जा सुरक्षालाई अघि बढाउन प्रशोधित पेट्रोलियम पदार्थको उत्पादन र आपूर्ति बढाउने प्रतिबद्धता, सार्वभौम राष्ट्रहरू तथा राष्ट्र प्रमुखहरूमाथि अन्तर्राष्ट्रिय अदालतहरूको क्षेत्राधिकारलाई अस्वीकार गर्ने विषय र आणविक युद्ध जित्न सकिँदैन भन्ने उल्लेख छ ।

यस घोषणापत्रमा युक्रेन र इरानमा चलिरहेको द्वन्द्व तथा ताइवानलाई लिएर विद्यमान तनावबारे कुनै उल्लेख गरिएको थिएन ।

यसको विपरित, याल्टा सम्मेलन जसमा सुरुआती मूल 'ठुला तीन' नेताहरू (अमेरिकी राष्ट्रपति फ्र्याङ्क्लिन रुजवेल्ट, सोभियत नेता जोसेफ स्टालिन र बेलायती प्रधानमन्त्री विन्स्टन चर्चिल) एकै ठाउँमा भेला भएका थिए । आठ दिनसम्म चलेको उक्त वार्ताले (दोस्रो विश्व) युद्धपछिको विश्व व्यवस्थाका सम्बन्धमा धेरै निर्णयहरू तय गऱ्यो ।

तसर्थ, याल्टा सम्मेलन र शेन्झेन बैठकबिचको कुनै पनि तुलना पत्याउनै नसकिने खालको छ । यहाँसम्म कि सन् १९४३ को तेहरान सम्मेलनमा, जसमा सुरुआती 'ठुला तीन' को पहिलो भेट भएको थियो; त्यहाँ पनि शेन्झेनको तुलनामा बढी ठोस नतिजाहरू निस्किएका थिए ।

तर, याल्टा र शेन्झेनबिच प्रत्यक्ष समानता खोज्नु आवश्यक छैन । याल्टा दोस्रो विश्वयुद्धको सन्दर्भमा भएको थियो, जबकि शेन्झेन तेस्रो विश्वयुद्धको सम्भावनालाई रोक्ने प्रयास थियो । संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्मा सुधारको आवश्यकतालाई नयाँ 'ठुला तीन' ले स्वीकार गर्नुले यो तथ्यलाई उजागर गर्छ कि याल्टा सम्झौताको एउटा मुख्य परिणाम - अर्थात् सुरक्षा परिषद्सहितको संयुक्त राष्ट्र सङ्घको स्थापना; वैध र आवश्यक दुबै रूपमा कायम रहिआएको छ ।

त्यसैगरी, इरानमा भएको युद्धलाई विशेष रूपमा सम्बोधन नगरिए तापनि, उक्त द्वन्द्वको एउटा प्रमुख परिणाम - 'विश्वव्यापी ऊर्जा सङ्कट' ले विश्वव्यापी स्थिरता कायम राख्न ऊर्जा सुरक्षाको निर्णायक भूमिकालाई भने स्वीकार गरिएको छ । अन्तर्राष्ट्रिय फौजदारी अदालतजस्ता संस्थाहरूको महत्त्व घटाउँदै तथा राष्ट्रिय सार्वभौमिकता र विश्वव्यापी क्षेत्राधिकारबाट प्राप्त हुने 'सार्वभौम उन्मुक्ति' को प्रधानतामा जोड दिँदै नयाँ 'ठुला तीन' ले याल्टा सम्मेलनलाई आकार दिने ऐतिहासिक यथार्थबाटै एउटा पाठ सिकेका छन् । ठुला निर्णयहरूका लागि ठुला नेताहरू चाहिन्छ, जसका निर्णय र कामकारबाहीमाथि तल्लो तहका निकायहरूले प्रश्न उठाउन वा हस्तक्षेप गर्न सक्दैनन् । आखिर कुनै सामान्य अन्तर्राष्ट्रिय अभियोजकले पनि रुजवेल्ट, स्तालिन वा चर्चिलमाथि काल्पनिक अपराधहरूका लागि अभियोग लगाउँदै मनपरी गरेको थिएन ।

परमाणु युद्ध लड्नु हुँदैन भन्ने धारणाको पुन: पुष्टि नै जे होस्, शेन्झेन बैठकलाई सम्भावित 'दोस्रो याल्टा' (Yalta 2.0) को स्तरमा उकासेको छ । आणविक युद्ध जित्न सकिँदैन । त्यसैले यस्तो युद्ध कहिल्यै लड्नु हुँदैन भन्ने घोषणा कुनै नौलो कुरा होइन । यो धारणा सन् २०२२ जनवरी ३ देखि पाँच घोषित आणविक शक्ति राष्ट्रहरू (अमेरिका, रुस, चीन, फ्रान्स र बेलायत) को आधिकारिक अडानको मुख्य आधार रहँदै आएको छ । साथै, सन् २०२१ जूनदेखि अमेरिका - रुस आणविक सम्बन्धको पनि यो मुख्य आधार बनेको छ (जुन वास्तवमा नोभेम्बर १९८५ मा रोनाल्ड रेगन र मिखाइल गोर्भाचोभबिच भएको अमेरिकी-सोभियत प्रतिबद्धताकै पुन:पुष्टि थियो) । त्यसैगरी, नयाँ 'ठुला तीन' राष्ट्रहरूले आणविक अप्रसार सन्धिप्रति पुन: प्रतिबद्धता जनाउने निर्णय गर्नु भनेको वास्तवमा ती तीनवटै मुलुकको विद्यमान आधिकारिक नीतिलाई पुन: दोहोऱ्याउनु मात्र हो । तर, शेन्झेन बैठकअघि राष्ट्रपति ट्रम्पले 'परमाणु नि:शस्त्रीकरण' लाई अघि बढाउने आफ्नो मनसायबारे एक वक्तव्य जारी गरेका थिए । राष्ट्रपति सी चिनफिङले पनि यस्तै प्रकृतिको वक्तव्य दिँदै आणविक हतियारमाथि विश्वव्यापी प्रतिबन्ध लगाउने कुरालाई एक वाञ्छनीय लक्ष्यका रूपमा प्रस्तुत गरेका थिए ।



शेन्झेनमा भएको एपेक सम्मेलनमा पुटिन, सी र ट्रम्प एकसाथ ।

शेन्झेन बैठक नयाँ 'तीन ठुला शक्ति' बिचको आणविक हतियार होडबाजीको छायामा सम्पन्न भयो, जुन एक दशकभन्दा बढी समयदेखि चलिरहेको छ । शीतयुद्धकालीन हतियार नियन्त्रणप्रति अमेरिकाले देखाएको बेवास्ताका कारण उसले हतियार नियन्त्रणसम्बन्धी आधारभूत सन्धिहरू (जसमा एन्टी-ब्यालिस्टिक मिसाइल सन्धि, इन्टरमिडिएट न्युक्लियर फोर्सेस सन्धि र नयाँ रणनीतिक हतियार कटौती सन्धि समावेश छन्) त्यागेको छ । रुसले आफ्नो रणनीतिक आणविक प्रतिरोध बलको लगभग सम्पूर्ण हिस्सालाई आधुनिकीकरण गरेर जवाफ दियो । त्यसैगरी, चीनले पनि अमेरिकाको आणविक रणनीतिमा आएको परिवर्तन, जसले अमेरिकीद्वारा पहिलो प्रहार (Preemptive strike) गर्ने खतरा बढेको अवस्थालाई मध्यनजर गर्दै आफ्ना रणनीतिक आणविक बलहरूलाई पूर्ण रूपमा पुनर्गठन गरेको छ । नयाँ आणविक खतराहरू र पुरानो हुँदै गएको आणविक प्रतिरोध क्षमता - यी दुवैको सामना गरिरहेको अमेरिकालाई आमूल आधुनिकीकरण कार्यक्रमको तत्काल आवश्यकता खट्किएको छ, जसमा अर्बौं डलर खर्च हुन सक्छ । असंयमित आणविक हतियारको कारण-प्रभाव प्रकृतिलाई ध्यानमा राख्दै, कुनै पनि अमेरिकी प्रगतिको लागि रुस र चीन दुवैबाट प्रतिक्रिया आवश्यक पर्नेछ । यसले आणविक हतियारको घातक चक्र (Death spiral) सिर्जना गर्नेछ जसले गर्दा तीन शक्ति राष्ट्रहरूको अर्थतन्त्रलाई गम्भीर रूपमा बाधा पुऱ्याउँछ र आणविक द्वन्द्वको सम्भावना बढाउनेछ; चाहे यसको विपरीत कुनै पनि सार्वजनिक बयान दिए पनि ।

यस वर्षको फेब्रुअरीमा 'नयाँ स्टार्ट' (New Start) सन्धि खारेज भएयता अमेरिका र रुसबिच आणविक नि:शस्त्रीकरणसम्बन्धी कुनै ठोस वार्ता भएको छैन । आफ्नो तर्फबाट चीनले त्रिपक्षीय ढाँचामा अर्थपूर्ण हतियार नियन्त्रण वार्तालाई त्यागेको छ; जबसम्म अमेरिका र रुसले कुनै प्रकारको नवीकरण गरिएको हतियार नियन्त्रण सम्झौतामार्फत आ-आफ्नो आणविक भण्डारलाई स्थिर गर्दैनन् । यो अवस्थाले यस्तो त्रिपक्षीय गतिरोध निम्त्याएको छ, जहाँ कुनै पनि पक्ष पहिलो कदम चाल्न तयार छैन । शेन्झेन बैठकले एउटा यस्तो खाका तयार पारेको छ, जसअन्तर्गत अब आणविक नि:शस्त्रीकरणसम्बन्धी त्रिपक्षीय वार्ता सम्भव भएको छ ।

यो निकै महत्त्वपूर्ण घटना हो ।

याल्टा सम्मेलन एउटा विश्वयुद्धको अन्त्यतिर भएको थियो । शेन्झेन बैठकको उद्देश्य नयाँ विश्वयुद्ध सुरु हुन नदिनु थियो । यसमा कुनै शङ्का छैन कि अमेरिका, रुस र चीनबिचको सम्बन्धमा तनाव पैदा गर्ने धेरै यस्ता नसुल्झेका मुद्दाहरू छन्, जसलाई शेन्झेनमा न सम्बोधन गरियो, न त समाधान नै गरियो । यी समस्याहरूको कुनै पनि समाधानका लागि अझ बढी अर्थपूर्ण प्रकृतिका थप बैठकहरू आवश्यक पर्नेछन् ।

तर, हरेक महान यात्रा पहिलो पाइलाबाटै सुरु हुन्छ र परमाणु विनाशको अत्याचारबाट मुक्त विश्वतर्फको दिशामा शेन्झेन एउटा साहसी पहिलो पाइला हो ।

स्रोत : आरती (RT)

चिनियाँ अर्थतन्त्रबारे झूटा प्रचार गर्नेहरू अन्ततः गलत साबित हुनेछन्

✍ ली जुनछियाङ

संयुक्त राज्य अमेरिका र पश्चिमा देशका सञ्चारमाध्यमहरू जो सार्वजनिक रूपमा चीनको अर्थतन्त्रको बारेमा कुरा गर्छन् - तिनीहरू वास्तवमा के गरिरहेका छन् ?

यो वर्षभरि केही विदेशी सञ्चारमाध्यम र संस्थाहरूले बारम्बार चीनको अर्थतन्त्रलाई लक्षित गरेका छन् । कहिलेकाहीं तिनीहरूले तथाकथित 'डिफ्लेशनरी ट्रयाप' खेल्छन्, चीनको आर्थिक वृद्धि दिगो छ भनी दाबी गर्दै; अन्य समयमा, तिनीहरूले 'चाइना शक २.०' को प्रचार गर्छन्, दाबी गर्छन् कि चिनियाँ उत्पादनले विश्वव्यापी उद्योगहरूलाई खतरामा पारेको छ । तिनीहरू चीनको अर्थतन्त्रको पतनबारे विशिष्ट कथाहरू बारम्बार बदलिरहन्छन्, निराशावादी निष्कर्ष स्थिर रहन्छ - मानौं यो सबै एकैसाथ लिपिबद्ध गरिएको थियो ।

यी तर्कहरूको पछाडि आफ्नो स्वार्थ र राजनीतिक लाभको आफ्नै हिसाब लुकेको छ : विश्वासलाई कमजोर पार्न 'चीन पतन' कथाको भूत प्रयोग गरेर र प्रतिबन्ध र नियन्त्रणलाई औचित्य साबित गर्न 'चीन खतरा' कथाको व्यापक प्रचार गर्दछ ।

यद्यपि, वास्तविकता यो हो कि चीनको आर्थिक विकासको गतिलाई वार्ता गर्न खोज्नेहरूले कहिल्यै निर्धारण गरेका छैनन् र हुनेछैनन् ।

निराशावादी कथाहरू - पूर्वनिर्धारित जवाफको साथ एक धाँधली प्रश्न

चिनियाँ अर्थतन्त्रमा गिरावट आउने अनुमान गर्नु कुनै नौलो कुरा होइन । २००१ मा फिर्ता, पश्चिमका केही व्यक्तिहरूले 'चीन पतन' सिद्धान्त अगाडि ल्याएका थिए, भविष्यवाणी गर्दै कि विश्व व्यापार सङ्गठनमा चीनको प्रवेशजस्ता कारकहरू २०११ सम्ममा यसको 'पतन' हुनेछन् । अपेक्षा गरेअनुसार, भविष्यवाणी गरिएको पतन कहिल्यै साकार भएन ।

२०१६ मा, विदेशमा केही पर्यवेक्षकहरूले चिनियाँ अर्थतन्त्रको लागि 'हार्ड ल्यान्डिङ' 'लगभग अपरिहार्य' भएको दाबी गरे । २०२३ मा, वाल स्ट्रीट जर्नलले घोषणा गऱ्यो कि "चीनको ४० वर्षको बूम सकियो ।" यस वर्ष, 'डिफ्लेशनरी ट्रयाप' र 'चीन शक २.०' देखि 'चिनियाँ आर्थिक सङ्कटको फैलावट' सम्मको कथाहरूको नयाँ परेड देखा परेको छ ।

दशकौंदेखि, विदेशबाट आएका आवाजहरूले चिनियाँ अर्थतन्त्रको पतनको भविष्यवाणी गर्दै आएका छन्, पटक-पटक गलत साबित भइरहेका छन् । यस वर्ष उभिएका निराशावादी कथाहरू सामान्यतया केही वर्गहरूमा पर्छन् ।

एउटा दृष्टिकोणले अतिसामान्यीकरण, अस्थायी कठिनाइहरूलाई समग्र सङ्कटमा परिणत गर्ने समावेश गर्दछ । अक्टोबरमा, वाशिङटन पोस्टले रियल इस्टेटको मूल्यमा छोटो अवधिको उतारचढाव र चीनको आर्थिक सम्भावनाको अनावश्यक अस्पष्ट चित्र चित्रण गर्न नरम उपभोक्ता विश्वासजस्ता पृथक सूचकहरूलाई कब्जा गर्यो । यो तर्कले समग्र अर्थतन्त्रको अन्तर्निहित जटिलतालाई बेवास्ता गर्छ र यसको निष्कर्ष छानबिनमा टुट्छ ।

अर्को कार्यनीतिमा बहसका सर्तहरू परिवर्तन गर्ने, बजारमा प्रतिस्पर्धात्मक फाइदाहरूलाई बाँकी विश्वका लागि खतराको रूपमा रिफ्रेम गर्ने समावेश छ । जब चिनियाँ नवीकरणीय-ऊर्जा सवारी साधनहरूले विश्वव्यापी लोकप्रियता हासिल गरे, आलोचकहरूले 'अधिक क्षमता' भनेर चिच्याए; चीनको उत्पादन क्षेत्रको प्रतिस्पर्धात्मकता बढ्दै जाँदा, तिनीहरूले 'चाइना शक २.०' को भूतलाई आह्वान गरे किनभने प्राविधिक प्रगति र दक्षतामा प्राप्त लाभहरू बजार प्रतिस्पर्धाको लागि आधारभूत हुन्छन्, किन चिनियाँ उद्यमहरूले ती हासिल गर्दा तिनीहरू अचानक जोखिमहरूका रूपमा पुनः प्रस्तुत हुन्छन् जुनविरुद्ध सुरक्षित हुनुपर्छ ?



अरूहरू तथ्यहरू हेर्नुअघि नै आफ्नो निष्कर्षमा पुग्छन्; चीनको अर्थतन्त्रको विकास जतिसुकै होस्, तिनीहरूले विनाश र उदासीको एउटै धुन गाइरहन्छन् । यदि आर्थिक वृद्धि सुस्त हुन्छ भने, तिनीहरूले विकास मोडेल अस्थिर छ भनेर दाबी गर्छन्; यदि वृद्धि स्थिर रह्यो भने, तिनीहरू तर्क गर्छन् कि यो नीति प्रोत्साहनमा अत्यधिक निर्भर छ । जब निर्यात दबाबको सामना गर्दछ, तिनीहरूले 'मेड इन चाइना' को प्रतिस्पर्धात्मकतामाथि प्रश्न उठाउँछन्; जब निर्यात कार्यसम्पादन बलियो हुन्छ, तिनीहरूले यसको श्रेय अत्यधिक क्षमता र कमजोर घरेलु मागलाई दिन्छन्, परिदृश्य जस्तोसुकै भए पनि, तिनीहरू सधैं नकारात्मक निष्कर्षमा पुग्न व्यवस्थित गर्छन् ।

यसरी, आर्थिक विश्लेषण एक पूर्वनिर्धारित जवाफको साथ एक धाँधली प्रश्न बन्छ, जस्तै कि सिरका सेवा गर्ने बहानाको लागि मात्र पकौडाको थाल तयार गर्नु, जबकि पकौडाहरू आफैं पूर्ण रूपमा खाली रहन्छन् । यद्यपि, यसले यी आलोचकहरूलाई बकवास र आधारहीन आरोपहरू लगाउनबाट रोक्दैन ।

चीनको अर्थतन्त्रको मुद्दा बनाउने - एक जटिल एजेन्डा

अमेरिका र पश्चिमका केही व्यक्तिहरूले बारम्बार चीनको अर्थतन्त्रको मुद्दा बनाउँछन्, यो विषयलाई नजिकबाट निरीक्षण गर्दा, अझ जटिल एजेन्डा प्रकट हुन्छ ।

यस वर्षको मार्चमा, अमेरिकी व्यापार प्रतिनिधिको कार्यालयले उत्पादन क्षेत्रमा तथाकथित 'संरचनात्मक अतिरिक्त क्षमता' लाई उद्धृत गर्दै चीनलगायत धेरै अर्थतन्त्रहरूमा 'खण्ड ३०१ अनुसन्धान' सुरु गऱ्यो । उल्लेखित उद्देश्य : अमेरिकी औद्योगिक आधारको सुरक्षा गर्न र निर्माणको 'पुनः प्राप्ति' लाई प्रोत्साहित गर्न । यो स्पष्ट छ कि यो विद्यमान यथास्थिति जोगाउने प्रयास हो जसले अमेरिकाको आफ्नै स्थापित स्वार्थलाई समर्थन गर्दछ ।

विगतमा, केही विकसित राष्ट्रहरूका कम्पनीहरूले उच्च-अन्त उत्पादनमा एक प्रमुख स्थान राखेका थिए, जबकि चीनले मुख्य रूपमा श्रमको विश्वव्यापी औद्योगिक विभाजनको मध्यदेखि निम्न अन्तमा स्थान ओगटेको थियो । तथापि, आज चिनियाँ नयाँ-शक्तिका सवारी साधनहरू विश्व बजारमा पुगेका छन् र देशले मेसिनरी, उपकरण र सञ्चार प्रविधिमा निरन्तर सफलता हासिल गरिरहेको छ र अन्तर्राष्ट्रिय मञ्चमा प्रमुख खेलाडीहरूको रूपमा उभिएका चिनियाँ उद्यमहरूको सङ्ख्या बढिरहेको छ ।

केक उस्तै रहेको छ, तर यसलाई साझा गर्ने व्यक्तिहरू परिवर्तन भएका छन् र जसले पहिले सबैभन्दा ठुलो भागको आनन्द उठाएका थिए उनीहरू स्वाभाविक रूपमा असहज महसुस गरिरहेका छन् ।

तैपनि, के चिनियाँ उद्यमहरूको प्रतिस्पर्धात्मकता स्वतः 'अनुचित प्रतिस्पर्धा' मान्छ ? के उपभोक्ताहरूमाझ चिनियाँ सामानको लोकप्रियताले 'अधिक क्षमता' लाई जनाउँछ ? यदि, प्रतिस्पर्धा गर्न असफल भएपछि, एकले अर्को पक्षलाई नियम तोडेको मात्र आरोप लगाउँछ, के यसले बजार प्रतिस्पर्धालाई खेलमा परिणत गर्दैन जहाँ एक पक्षलाई मात्र जित्न अनुमति दिइन्छ ?

केही राजनीतिज्ञहरूले आफ्नो घरेलु राजनीतिक एजेन्डाहरू पूरा गर्न 'चीन मुद्दा' लाई पनि दुरूपयोग गर्छन् । घरेलु कारखाना बन्द हुनुलाई 'चीन झटका' मा दोष लगाएर र 'चीन खतरा' लाई आफ्नै प्रतिस्पर्धात्मकतामा आएको गिरावटको श्रेय दिएर उनीहरूले ट्यारिफ अवरोध र व्यापार प्रतिबन्धहरूको समर्थनको डङ्का पिट्दा आन्तरिक तनावलाई हटाउन सक्छन् । आखिर, आफ्नो नीतिगत असफलता वा औद्योगिक रूपान्तरणको सुस्तगतिलाई मतदाताहरूसमक्ष व्याख्या गर्नुभन्दा दोष चीनमा थुपार्नु धेरै सुविधाजनक छ ।

अन्ततः, केही व्यक्तिहरूले चीनविरुद्ध गहिरो पूर्वाग्रह राख्छन् । तिनीहरूले चीनको विकास मार्गका उपलब्धिहरूलाई स्वीकार गर्न अस्वीकार गर्दै, तिनीहरूको आफ्नै सङ्कीर्ण मापदण्डहरूद्वारा देशलाई न्याय गर्ने कुरामा जोड दिए । तिनीहरू चीनको विकासमा विश्वासलाई कमजोर पार्न र यसको अपीललाई कम गर्न खोज्दै, एक मानसिकतामा फसेका छन् जहाँ उनीहरू चीनलाई शङ्का र अपमानजनक रूपमा हेर्छन् ।

यी विभिन्न कारकहरूको अन्तरक्रियालाई ध्यानमा राख्दै, यस्ता नकारात्मक कथाहरू यति लामो समयसम्म कायम रहनु अचम्मको कुरा होइन ।

नकारात्मक बयानबाजीले चीनको आर्थिक उपलब्धिलाई मेटाउन सक्दैन

मन्दीको भविष्यवाणी गर्नेहरूको आवाजले चीनको उच्च गुणस्तरको आर्थिक विकासको ठोस उपलब्धि, वास्तविक गुणस्तर र सकारात्मक मार्गलाई परिवर्तन गर्न सक्दैन ।

यस वर्षको पहिलो तीन त्रैमासिकमा, चीनको अर्थतन्त्र वार्षिक रूपमा ४.६ प्रतिशतले बढेको छ, जुन प्रमुख विश्व अर्थतन्त्रहरूको लागि उत्कृष्ट प्रदर्शन हो । पहिलो १० महिनामा वस्तुको आयात र निर्यातको कुल मूल्य वार्षिक रूपमा २० प्रतिशतले बढेको छ भने आयात मात्र २३.६ प्रतिशतले बढेको छ । हालै सम्पन्न नवौं चाइना इन्टरनेसनल इम्पोर्ट एक्स्पोमा १६२ देश, क्षेत्र र अन्तर्राष्ट्रिय सङ्घसंस्थाका ४,१४२ विदेशी उद्यमहरूले भाग लिएर नयाँ कीर्तिमान कायम गरेका छन् । एकातिर, कसै-कसैले चीनको अर्थतन्त्रले आफ्नो आकर्षण गुमाएको दाबी गर्छन्; अर्कोतर्फ, विश्वव्यापी व्यापारहरू चीनसँग संलग्न हुन छनौट गरेर 'आफ्ना खुट्टाले मतदान' गरिरहेका छन् । कुन पक्षले बढी तौल बोक्छ भन्ने कुरा आफैं स्पष्ट हुन्छ ।

स्वभाविक रूपमा, आर्थिक विकासले कठिनाइ र चुनौतीहरूको सामना गर्नुपर्छ । रियल इस्टेट बजार अझै समायोजनको क्रममा छ, उपभोक्ता विश्वासलाई बढावा चाहिन्छ र औद्योगिक रूपान्तरण र स्तरवृद्धि प्रक्रियामा जटिल, 'हार्ड-टु-क्र्याक' मुद्दाहरू समावेश छन् । यी समस्याहरूबाट हामी कहिल्यै पछि हटेका छैनौं । बलियो आपूर्ति र कमजोर माग बिचको असन्तुलनलाई सम्बोधन गर्न, हामीले उपभोगलाई बलियो बनाउन र आन्तरिक माग विस्तार गर्न लक्षित पहलहरू कार्यान्वयन गर्दैछौं । घरजग्गा क्षेत्रको दबाब व्यवस्थापन गर्न, हामीले सहर-विशेष नीतिहरू अपनाइरहेका छौं र उद्योगको लागि नयाँ विकास मोडेलको निर्माणलाई गति दिइरहेका छौं । पुरानो र नयाँ वृद्धि चालकहरू बिचको सङ्क्रमणलाई मार्गनिर्देशत गर्न, हामी स्थानीय परिस्थितिहरू अनुरूप 'नयाँ गुणस्तर उत्पादक शक्तिहरू' लाई बढावा दिइरहेका छौं, उदीयमान उद्योगहरूको पालनपोषण गर्दै परम्परागत उद्योगहरूलाई पुनरुत्थान गर्दैछौं । हाम्रो यात्रामा, यो ठ्याक्कै यही भावना थियो - समस्याहरू सामना गर्दै, कुनै कठिनाइको डर नगरी, लगनशीलताका साथ काम गर्दै र अवरोधहरू पार गर्दै - जसले हामीलाई अगाडि बढाएको छ ।

पछाडि फर्केर हेर्दा चिनियाँ अर्थतन्त्रले वर्षौंमा कति आँधीबेहरी ल्यायो ? एक शताब्दीमा एकपटकको महामारीको प्रभावबाट बाहिरी कन्टेन्ट र दमनसम्म - यसले अनगिन्ती चुनौतीहरूको माध्यमबाट मार्गनिर्देशित गरेको छ र छालहरूविरुद्ध अगाडि बढेको छ । चिनियाँ अर्थतन्त्रको अन्तर्निहित बल अन्ततः प्रतिकूलताको सामना गर्दा यसको नेतृत्वको अडिग दृढता यसका करोडौं जनताको कडा परिश्रम र समर्पण तथा आफ्नै प्राथमिकताहरूमा केन्द्रित हुने दृढ प्रतिबद्धताबाट उत्पन्न हुन्छ ।

अति-ठुलो बजार, पूर्ण औद्योगिक प्रणाली र बलियो नवप्रवर्तन क्षमता भएको अर्थतन्त्रको लागि, निराशावादका केही आवाजहरूले वास्तवमा कत्तिको हलचल सिर्जना गर्न सक्छ ? सबै हल्लाको सबैभन्दा शक्तिशाली प्रतिक्रिया 'दिन कब्जा' को यो भावनामा ठ्याक्कै निहित छ ।

हालै, २०२६ एपेक बैठकहरू शेन्जेनमा सफलतापूर्वक सम्पन्न भयो । केही विदेशमा पर्खाल र अवरोधहरू निर्माण गर्न वा 'धम्की' को प्रचारमा व्यस्त हुँदा चीनले एसिया-प्रशान्त समुदायको आधारशिला र रूपरेखा बनाउन अरूसँग काम गरिरहेको छ । क्षेत्रीय आर्थिक र व्यापार सम्झौताको पङ्क्तिबद्धतालाई बढावा दिएर र खुला, नवप्रवर्तन-सञ्चालित पारिस्थितिकी प्रणालीलाई बढावा दिएर, चीनले एसिया-प्रशान्तमा जरा गाडेको तर विश्वव्यापी दृष्टिकोणका साथ यस क्षेत्रको दीर्घकालीन साझा विकासमात्र नभई मानवताको साझा भविष्य भएको समुदायको निर्माणतर्फ नयाँ मार्गप्रशस्त गरेको छ ।

विश्व अर्थतन्त्रलाई ठोस सहयोगबाट मात्रै ठुलो बनाउन सकिन्छ । एकातिर शून्य योग खेल र संरक्षणवादको सङ्कीर्ण दृष्टिकोण छ; अर्कोतर्फ, खुलापन, समावेशीता र पारस्परिक लाभकारी सहयोगको लागि व्यापक दिमागको प्रतिबद्धता । कसले विश्वव्यापी अर्थतन्त्रलाई 'जित-हार' प्रतियोगिताको लागि मैदानको रूपमा व्यवहार गर्दछ र आपसी साझा विकासतर्फको बाटो फराकिलो गर्न कोसिस गर्दैछ ? जब दुई विपरीत हुन्छन्, सत्य स्वयम् स्पष्ट हुन्छ । चीनको अर्थतन्त्र पतनको कुरा गर्नेहरू अन्ततः गलत साबित हुनेछन्, जबकि ठोस कार्यमा संलग्नहरूले उज्ज्वल भविष्यको आशा गर्न सक्छन् ।

- 'पिपल्स डेली अनलाइन' बाट

श्रमिक, किसान र जनताको मुक्तिका लागि वैचारिक सङ्घर्ष आवश्यक

✍ सुवर्ण

नेपालको राजनीतिक तथा सामाजिक परिवर्तनका लागि श्रमिक, किसान, मजदुर, शिक्षक, विद्यार्थी र सर्वसाधारण जनतालाई राजनीतिक रूपमा सचेत तथा सङ्गठित बनाउनु आजको आवश्यकता हो । समाजमा विद्यमान शोषण, अन्याय, असमानता, भ्रष्टाचार र विभेदको अन्त्य गर्दै न्यायपूर्ण समाज निर्माण गर्न स्पष्ट राजनीतिक विचार, सिद्धान्त र निरन्तर सङ्घर्ष आवश्यक हुन्छ ।

मार्क्सवाद, लेनिनवाद र माओ विचारधारालाई मार्गदर्शक सिद्धान्तका रूपमा आत्मसात् गर्दै श्रमिकवर्गको हित, किसानको अधिकार र समाजको आमूल परिवर्तनका लागि राजनीतिक गतिविधि सञ्चालन गर्नु महत्त्वपूर्ण कार्य हो । मजदुर, किसान, शिक्षक, विद्यार्थी, युवा तथा महिला समुदायलाई सङ्गठित गर्दै उनीहरूमा वर्गीय चेतना र राजनीतिक जागरण ल्याउनुपर्छ ।

राजनीतिक परिवर्तन निर्वाचन र सरकार निर्माणमा मात्र सीमित हुनुहुँदैन । जनतालाई राजनीतिक रूपमा शिक्षित बनाउने, समाजका वास्तविक समस्या पहिचान गराउने र अन्यायविरुद्ध आवाज उठाउन सक्षम बनाउने काम पनि राजनीतिक आन्दोलनको महत्त्वपूर्ण जिम्मेवारी हो । यसका लागि राजनीतिक प्रशिक्षण, अध्ययन, अन्तरक्रिया, सभा, सम्मेलन, गोष्ठी, विरोध प्रदर्शन र जनपरिचालनलाई निरन्तरता दिनुपर्छ ।

आज नेपाली समाज बेरोजगारी, महँगी, भ्रष्टाचार, अनियमितता, आर्थिक असमानता र राजनीतिक बेथितिबाट आक्रान्त छ । किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउन सकेका छैनन् । मजदुरले श्रमअनुसारको पारिश्रमिक पाएका छैनन् । युवाहरू रोजगारीको खोजीमा बिदेसिन बाध्य छन् । शिक्षा र स्वास्थ्यजस्ता आधारभूत सेवा क्रमशः महँगो र सर्वसाधारणको पहुँचभन्दा बाहिर हुँदै गएका छन् । यी समस्याको समाधानका लागि जनताको पक्षमा स्पष्ट नीति र व्यवहारिक कार्यक्रम आवश्यक छ ।

त्यसैगरी, राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताको रक्षा गर्नु राजनीतिक आन्दोलनको महत्त्वपूर्ण दायित्व हो । विदेशी हस्तक्षेप, असमान सन्धि-सम्झौता र साम्राज्यवादी दबाबविरुद्ध जनतालाई सचेत बनाउनुपर्छ । नेपालको राष्ट्रिय हित र जनताको आवश्यकतालाई केन्द्रमा राखेर परराष्ट्र नीति तथा विकासका कार्यक्रम सञ्चालन गरिनुपर्छ ।

शिक्षा र स्वास्थ्यलाई व्यापारको वस्तु बनाउने प्रवृत्तिको अन्त्य हुनुपर्छ । सबै नागरिकले समान र गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा पाउने व्यवस्था राज्यले गर्नुपर्छ । सार्वजनिक विद्यालय र स्वास्थ्य संस्थाहरूको स्तर सुधार गर्दै वैज्ञानिक, व्यावहारिक र जनमुखी शिक्षा प्रणाली विकास गर्नु आवश्यक छ ।

मजदुर र किसानको आर्थिक तथा सामाजिक अवस्था सुधार नगरी समाजमा वास्तविक परिवर्तन सम्भव छैन । कृषि उत्पादनमा आत्मनिर्भरता, रोजगारी सिर्जना, श्रमिक अधिकारको संरक्षण, उत्पादनमूलक अर्थतन्त्रको विकास र सार्वजनिक सम्पत्तिको संरक्षणमा राज्यले विशेष ध्यान दिनुपर्छ ।

राजनीतिक आन्दोलनको सफलता भाषण, नारा र प्रतिबद्धताले मात्र मापन हुँदैन । त्यसले जनताको जीवनमा कस्तो परिवर्तन ल्यायो, श्रमिक र किसानका समस्या समाधान गर्न कस्तो भूमिका खेल्यो तथा समाजमा विद्यमान शोषण र विभेद घटाउन कति योगदान पुऱ्यायो भन्ने आधारमा मूल्याङ्कन हुनुपर्छ ।

अतः श्रमिक, किसान, शिक्षक, विद्यार्थी, युवा र सम्पूर्ण श्रमजीवी जनतालाई राजनीतिक रूपमा सचेत, सङ्गठित र सङ्घर्षशील बनाउनु आवश्यक छ । वैचारिक प्रशिक्षणलाई जनजीविकाका समस्यासँग जोड्दै राष्ट्रिय स्वाधीनता, सामाजिक न्याय, समानता र समाजवादको पक्षमा जनमत निर्माण गर्नुपर्छ ।





युरोपेली देश जर्मनीमा चान्सलर फ्रेडरिक मर्जको नीतिहरूसँग असहमत हजारौँ मानिसहरू शनिबार जीवनयापनको बढ्दो लागत र समाज, अर्थतन्त्र र शिक्षाको सैन्यकरणको विरुद्ध प्रदर्शन गर्न १०० भन्दा बढी जर्मन सहरका सडकमा उत्रिए । युद्धविरुद्ध युवा हडतालको अन्तर्राष्ट्रिय दिवसको एक भागको रूपमा, युरोपभरि सयौँ हजार विद्यार्थीले ५०० भन्दा बढी सहरमा प्रदर्शनमा भाग लिएका थिए । उनीहरूले शिक्षामा लगानीको कमी, युरोपेली पुन:शस्त्रीकरण अभियान-जसले शिक्षा, स्वास्थ्य सेवा, आवास र सार्वजनिक सेवाहरू र सैन्य भर्तीबाट ठुलो स्रोतहरू टाढा लैजाने भन्दै विरोध गरे । ह्याम्बर्ग र लाइपजिगमा प्रहरीले हस्तक्षेप गरेपछि प्रदर्शनकारीहरूको प्रहरीसँग झडपसमेत भयो । *तस्बिर : सामाजिक सञ्जाल*

अमेरिकी सेयर बजारमा १० प्रतिशत गिरावट लगानीकर्तामा अनिश्चितता

वासिङ्टन, २२ नोभेम्बर (एपी) । अमेरिकाको सेयर बजार गत महिना कायम गरेको उच्चतम बिन्दुबाट १० प्रतिशतले घटेको छ । कृत्रिम बौद्धिकता (एआई) उद्योगले सामना गरिरहेका चुनौती र त्यसको भविष्यबारे लगानीकर्ताको चिन्ता बढ्दै गएपछि बजारमा गिरावट आएको हो ।

अमेरिकाको प्रमुख सेयर बजार सूचकाङ्क एसएन्डपी ५०० मा आएको यो गिरावटलाई वाल स्ट्रिटको भाषामा 'करेक्सन' अर्थात् बजार सुधार भनिन्छ । यस्तो गिरावट एक शताब्दीभन्दा लामो समयदेखि समय-समयमा देखिँदै आएको छ ।

बजार विश्लेषकहरूका अनुसार सेयरको मूल्य अत्यधिक बढेर वास्तविक आर्थिक अवस्थाभन्दा माथि पुगेको अवस्थामा हुने यस्तो गिरावटले बजारलाई सन्तुलित बनाउन सहयोग गर्न सक्छ । लगानीकर्तामा अत्यधिक उत्साहका कारण सेयरको मूल्य अस्वाभाविक रूपमा बढेमा बजार सुधारले त्यसलाई यथार्थपरक स्तरमा ल्याउन भूमिका खेल्न सक्छ ।

तर, बजारमा आएको यस्तो गिरावटले तत्काल लगानीकर्तामा चिन्ता र अनिश्चितता बढाउने गरेको छ । विशेषगरी बजार सुधारपछि थप ठुलो गिरावट आउने अर्थात् 'बियर मार्केट' सुरु हुने हो कि भन्ने आशङ्का लगानीकर्तामा रहने गर्छ ।

वाल स्ट्रिटको परिभाषाअनुसार कुनै सेयर बजार सूचकाङ्क आफ्नो हालसम्मको उच्चतम बिन्दुबाट कम्तीमा २० प्रतिशतले घटेमा त्यसलाई 'बियर मार्केट' भनिन्छ । यस्तो अवस्थालाई बजारमा गहिरो गिरावट वा मन्दीको सङ्केतका रूपमा लिइन्छ ।

पछिल्लो गिरावटले एआई उद्योगको तीव्र विस्तार, यस क्षेत्रमा देखिएका चुनौती तथा प्रविधि कम्पनीहरूको भविष्यप्रति लगानीकर्ताको विश्वासबारे बहस बढाएको छ ।

यद्यपि, १० प्रतिशतको गिरावट आफैँमा बजार मन्दी सुरु भएको प्रमाण भने मानिँदैन ।

भारतको मणिपुरमा विषाक्त मदिरा सेवनबाट मृत्यु हुनेको सङ्ख्या १६ पुग्यो, ६०० उपचाररत

नयाँदिल्ली, २२ नोभेम्बर (सिन्हुवा) । भारतको उत्तरपूर्वी राज्य मणिपुरमा विषाक्त मदिरा सेवनका कारण मृत्यु हुनेको सङ्ख्या १६ पुगेको छ । घटनामा बिरामी परेका करिब ६०० जना विभिन्न अस्पतालमा उपचाररत रहेको अधिकारीहरूले बताएका छन् ।

मणिपुरको चन्देल जिल्लास्थित चकपिकारोङ क्षेत्रमा उक्त घटना भएको हो । यो क्षेत्र राज्यको राजधानी इम्फालबाट करिब ७५ किलोमिटर दक्षिणमा पर्दछ । स्थानीय सरकारी अधिकारीका अनुसार विषाक्त मदिरा सेवनबाट मृत्यु हुनेको सङ्ख्या १६ पुगेको छ । भारतको सरकारी प्रसारण संस्था अल इन्डिया रेडियोका अनुसार करिब ६०० जनालाई सरकारी तथा निजी अस्पतालमा भर्ना गरिएको छ ।

मणिपुरका वरिष्ठ स्थानीय सरकारी अधिकारी हुन्ग्यो वोरसाङले जिल्ला प्रशासन, प्रहरी, अन्त:शुल्क तथा स्वास्थ्य विभागका टोलीले प्रभावित क्षेत्र र अस्पतालको भ्रमण गरी अवस्थाबारे जानकारी लिएको तथा आवश्यक सहयोग उपलब्ध गराइरहेको बताएका छन् ।

घटनामा संलग्न रहेको आशङ्कामा प्रहरीले छ जनालाई पक्राउ गरेको छ ।

घटनाको छानबिन गर्न मणिपुर सरकारले उच्चस्तरीय अनुसन्धान समिति गठन गरेको छ । समितिलाई घटनाको कारण पत्ता लगाउन, सम्भावित कमजोरी पहिचान गर्न र आवश्यक कारबाहीका लागि सुझाव दिन एक महिनाभित्र प्रतिवेदन बुझाउन निर्देशन दिइएको छ ।

अधिकारीहरूका अनुसार शङ्कास्पद मदिरामा विषाक्त पदार्थको उपस्थिति रहे-नरहेको पत्ता लगाउन नमुना सङ्कलन गरी फरेन्सिक परीक्षणका लागि पठाइएको छ ।

यसैबिच, सम्भावित विषाक्त मदिरा सेवनबाट मृत्यु तथा बिरामी हुने घटना बढेपछि मणिपुरको स्वास्थ्य विभागले सार्वजनिक स्वास्थ्यसम्बन्धी सचेतना सूचना जारी गरेको छ ।

विभागले सबै सरकारी तथा निजी स्वास्थ्य संस्थालाई सतर्क रहन, बिरामीलाई तत्काल उपचार उपलब्ध गराउन, आवश्यक परे अन्य अस्पतालमा पठाउन तथा शङ्कास्पद घटनाको विवरण अनिवार्य रूपमा उपलब्ध गराउन निर्देशन दिएको छ ।

किम...

महासचिव किम जोङ उनले संयुक्त उत्पादन भवनहरूको भ्रमण गर्नुभयो, जसमा प्रमुख र सहायक उत्पादन लाइनहरू छन् र कर्मचारीहरूका लागि सांस्कृतिक र कल्याण सुविधाहरू उपलब्ध रहेका छन् ।

गुणस्तर र परिमाणमा देशव्यापी माग पूरा गर्ने गरी शिक्षण औजारका लागि विशेष कारखाना निर्माण भएको देख्दा आफूलाई साँच्चै खुसी लागेको बताउँदै उहाँले कारखाना सम्पन्न गर्ने र सञ्चालन गर्ने विषयमा विस्तृत निर्देशन दिनुभयो । परिष्करण निर्माण सामग्रीहरू औद्योगिक भवनहरूको विशेषताहरू संरक्षण गर्ने तरिकामा प्रयोग गर्ने, एक विशेष उपकरण-एसेम्बलिङ एकाइ व्यवस्थित गर्ने, शिक्षण उपकरणहरू र तिनीहरूका पूरकहरू एकै समयमा उत्पादन गर्ने र कच्चा र अन्य सामग्रीको आपूर्तिको लागि उचित उपायहरू लिने निर्देशन दिनुभयो ।

त्यसपछि नेता किमले निर्माणाधीन शैक्षिक उपकरण कारखानामा फिल्ड निर्देशन दिनुभयो ।

उहाँलाई कारखानाका प्रमुख पदाधिकारी, निर्माण युनिटका पदाधिकारी र डिजाइनिङ तथा अन्य सम्बन्धित क्षेत्रका अधिकारीले स्वागत गर्नुभएको थियो ।

कारखानाको लेआउट र डिजाइनबारे जानकारी गराएपछि उहाँले उत्पादन प्रदर्शनी कक्ष, सामग्री तयारी, प्लास्टिक प्रशोधन, धातु प्रशोधन तथा एसेम्बलिङ पसललगायत अन्य ठाउँको अवलोकन गर्नुभएको थियो ।

समाजवादी निर्माणमा अभूतपूर्व रूपान्तरणको अवधिमा विज्ञान र शिक्षाको आमूल गुणात्मक अद्यावधिक र फड्को मार्ने अर्को बहुमूल्य सम्पदा उपलब्ध गराइएको उल्लेख गर्दै उहाँले नयाँ युगमा शिक्षामा सफल आमूल सुधार सुनिश्चित गर्न विश्वको सबैभन्दा उन्नत र उत्कृष्ट शिक्षाको योजनाअन्तर्गत विश्वको उत्कृष्ट राष्ट्र निर्माणको भरपर्दो जग निर्माण गर्न आह्वान गर्नुभयो ।

उत्पादन प्रदर्शनी कक्षमा उहाँले प्राथमिक र माध्यमिक विद्यालयका विद्यार्थीहरूको लागि प्रयोगात्मक उपकरणहरूको नमुनाहरूको प्रशंसा गर्नुभयो ।

शिक्षाको गुणात्मक विकासको हाम्रो पार्टीको महत्त्वाकाङ्क्षी लक्ष्य तबमात्र सफल हुन्छ जब हामीले विद्यार्थीहरूको बुझ्ने क्षमतालाई बढावा दिन र उनीहरूलाई व्यावहारिक ज्ञान प्राप्त गर्न मद्दत गर्नको लागि व्यावहारिक प्रशिक्षणमा सुधार गर्दै शैक्षिक अवस्था र वातावरणको गुणात्मक सुधार र शैक्षिक सामग्रीको आधुनिकीकरण र विद्यार्थीको विश्लेषण, मन्थन र प्रयोग क्षमता अभिवृद्धि गर्ने उपायको अनुभूति गर्दा शिक्षकको गुणात्मक सुदृढीकरण महसुस गर्छौं, उहाँले भन्नुभयो ।

अहिले हाम्रो शिक्षा उल्लेखनीय रूपान्तरणको बाटोमा हिँडिरहेको अवस्थामा शैक्षिक विकाससँग सम्बन्धित सबै कामलाई दीर्घकालीन योजनाअन्तर्गत सफलतापूर्वक सम्पन्न गर्न आवश्यक रहेको भन्दै त्यसका लागि सैद्धान्तिक कार्यहरू तय गरेको उहाँले बताउनुभयो ।

शिक्षाको प्रगति, देशको महत्त्वपूर्ण स्रोत र राष्ट्रिय विकासको इन्जिन विकासका लागि इमानदारिताका साथ ल्याएका निर्माण व्यवसायी र पदाधिकारीको उल्लेखनीय फलको पुन: प्रशंसा गर्दै उनले पार्टीले उच्च प्राथमिकतामा राखेर विद्यालय फिक्स्चर कारखाना, शैक्षिक उपकरण कारखाना र विद्यालय वस्तु कारखानाको निर्माण सफल हुने विश्वास व्यक्त गर्नुभयो ।

विश्व सङ्क्षेप

नेटो इनोभेसन कोषमा क्यानडा आबद्ध, २५ औँ सदस्य राष्ट्र बन्यो

ओटावा, २२ नोभेम्बर (सिन्हुवा) । क्यानडा उत्तर एटलान्टिक सन्धि सङ्गठन (नेटो) को इनोभेसन कोष (एनआईएफ) मा औपचारिक रूपमा आबद्ध भएको छ । यससँगै क्यानडा उक्त कोषमा सहभागी हुने २५ औँ नेटो सदस्य राष्ट्र तथा उत्तर अमेरिकाबाट आबद्ध हुने पहिलो देश बनेको छ ।

क्यानडाका रक्षामन्त्री डेभिड म्याकगिन्टीले शनिबार कोषमा आबद्धतासम्बन्धी वार्ता सम्पन्न भएको र क्यानडा औपचारिक रूपमा सदस्य बनेको घोषणा गर्नुभएको हो ।

क्यानडाको राष्ट्रिय रक्षा मन्त्रालयले जारी गरेको विज्ञप्तिअनुसार कोषमा आबद्धतासँगै क्यानडाले १० करोड क्यानडेली डलरभन्दा बढी (करिब सात करोड अमेरिकी डलर) योगदान गर्नेछ । उक्त रकमबाट कोषले क्यानडाका स्टार्टअप कम्पनी तथा विभिन्न लगानी कोषमा लगानी गर्न सक्नेछ ।

मन्त्रालयका अनुसार क्यानडाको सहभागिताले त्यहाँका रक्षा प्रविधि क्षेत्रमा काम गर्ने नवप्रवर्तकहरूलाई एक अर्ब युरोभन्दा बढी (करिब एक अर्ब १० करोड अमेरिकी डलर) लगानीयोग्य पुँजीमा पहुँच उपलब्ध गराउनेछ ।

यसले क्यानडाका रक्षा प्रविधि विकासकर्ता तथा उद्यमीहरूलाई लगानीका नयाँ अवसर प्रदान गर्नुका साथै युरोपेली नेटो सदस्य राष्ट्रहरूसँग रक्षा क्षेत्रमा लगानी सहकार्य विस्तार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । क्यानडाको सहभागिताले नेटोअन्तर्गत रक्षा प्रविधि, नवप्रवर्तन र रणनीतिक लगानीमा अन्तर्राष्ट्रिय सहकार्य थप मजबुत हुने विश्वास गरिएको छ ।

अमेरिकाको 'एफबीआई' को महत्त्वपूर्ण सूचना प्रणाली ह्याक भएको आशङ्का, अनुसन्धान सुरु

वासिङ्टन, २२ नोभेम्बर (एपी) । अमेरिकाको सङ्घीय अनुसन्धान ब्युरो (एफबीआई) ले आफ्नो नियन्त्रणमा रहेको महत्त्वपूर्ण राष्ट्रिय आपराधिक सूचना प्रणाली ह्याक भएको आशङ्कामा अनुसन्धान सुरु गरेको छ ।

घटनाबारे जानकार एक व्यक्तिका अनुसार एफबीआईले शनिबार उक्त साइबर आक्रमणको अनुसन्धान गरिरहेको छ । ती व्यक्तिले नाम सार्वजनिक नगर्ने सर्तमा एसोसिएटेड प्रेस (एपी) लाई यसबारे जानकारी दिएका हुन् । यसअघि सीएनएनले पनि सम्भावित ह्याकिङबारे समाचार प्रकाशित गरेको थियो ।

नेसनल क्राइम इन्फर्मेसन सेन्टर (एनसीआईसी) नामक उक्त कम्प्युटर प्रणालीमा आपराधिक न्यायसँग सम्बन्धित महत्त्वपूर्ण सूचना सङ्ग्रह गरिन्छ । यसमा फरार अभियुक्त, बेपत्ता व्यक्ति, आपराधिक इतिहास, चोरी भएका सम्पत्ति तथा अन्य कानुन कार्यान्वयनसम्बन्धी विवरण समावेश छन् ।

उक्त प्रणाली स्थानीय, राज्य तथा सङ्घीय तहका कानुन कार्यान्वयन निकायहरूले प्रयोग गर्दै आएका छन् ।

सम्भावित साइबर आक्रमणबारे शनिबार प्रतिक्रिया माग्दा एफबीआईले टिप्पणी गर्न अस्वीकार गरेको एपीले जनाएको छ ।

एनसीआईसी अमेरिकाको कानुन कार्यान्वयन प्रणालीका लागि महत्त्वपूर्ण सूचना स्रोत भएकाले यसमा भएको सम्भावित अनधिकृत प्रवेशले आपराधिक सूचना तथा सुरक्षा व्यवस्थासम्बन्धी गम्भीर चासो उत्पन्न गरेको छ ।

यद्यपि, ह्याकिङको प्रकृति, यसमा संलग्न पक्ष तथा कुन-कुन सूचना प्रभावित भए भन्नेबारे हालसम्म आधिकारिक विवरण सार्वजनिक गरिएको छैन ।

दसौँ राष्ट्रिय खेलकुदको तयारी अन्तिम चरणमा, 'महाकुम्भ' को व्यग्र प्रतीक्षामा कर्णाली

✍ अशोक घिमिरे

सुर्खेत, ६ मङ्सिर । बहुप्रतिक्षित दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ । कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरस्थित कर्णाली प्रदेश रङ्गशालामा 'मुकाम' राखेर तयारी समितिका बैठकहरू चलिरहेका छन् ।

दसौँ राष्ट्रिय खेलकुदलाई भव्यतापूर्वक सफल बनाउन सिङ्गो कर्णाली प्रदेश सरकार व्यवस्थापनमा जुटेको छ । कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाही विभिन्न बैठकमा सहभागी हुने, छलफल गर्ने र प्रतियोगितालाई व्यवस्थित बनाउने ध्याउन्नमा केन्द्रित हुनुभएको छ ।

प्रतियोगिताको मिति नजिकिएसँगै सुर्खेत आउने अतिथि, खेलाडी, प्रशिक्षक, अफिसियल, दर्शकलगायत खेलप्रेमीको स्वागतार्थ विभिन्न स्थानमा स्वागतद्वार निर्माण गर्न थालिएको छ । वीरेन्द्रनगरका बजार क्षेत्रमा दसौँ राष्ट्रिय खेलकुदको प्रचारप्रसारका लागि माइकिङ भइरहेको छ ।

घरेलु खेलकुद सबैभन्दा ठूलो प्रतियोगिताको औपचारिक उद्घाटन यही मङ्सिर १६ गते सुर्खेतको वीरेन्द्रनगरस्थित कर्णाली प्रदेश रङ्गशालामा हुने तय भए पनि मुख्य खेलहरू यही मङ्सिर ८ गतेदेखि सुरु हुँदैछन् । यतिबेला खेलकुदको 'महाकुम्भ' दसौँ राष्ट्रिय खेलकुदको व्यग्र प्रतीक्षा सुरु भएको छ । राष्ट्रिय खेलकुद नवौँ संस्करण यसअघि २०७९ साल कार्तिकमा गण्डकी प्रदेशको पोखरामा सम्पन्न भएको थियो ।

प्रतियोगिता नजिकिएसँगै विदेशमा रहेका खेडाली स्वदेश फर्कन थालेका छन् । कतिपय खेलाडी बन्द प्रक्षिणमा जुटिसकेका छन् । दसौँ राष्ट्रिय खेलकुदमा ३२ खेलका ३८४ इभेन्ट्स समावेश छन् । प्रतियोगिताका खेल सात जिल्लामा सञ्चालन हुनेछन् ।

सुर्खेतमा मात्रै २३ खेल आयोजना हुनेछन् भने लुम्बिनी प्रदेशको नेपालगन्ज र बर्दिया तथा कर्णालीको सल्यानमा समान दुई तथा दैलेख, कालीकोट र पश्चिम रुकुममा समान एक खेल हुनेछन् ।

कर्णालीका मुख्यमन्त्री शाही प्रतियोगिताका लागि पूर्वाधार निर्माण सम्पन्न भइसकेको र खेलका लागि तयारी अवस्थामा रहेको बताउनुहुन्छ । "पूर्वाधार सामान्य मर्मत गर्नेबाहेक सबै खेल स्थान प्रतियोगिताका लागि तयारी भइसकेका छन्, कतिपय खेल सामग्री आइसकेका छन्, कति आउने क्रममा छन्", मुख्यमन्त्री शाहीले राससँग भन्नुभयो ।

मुख्यमन्त्रीको अध्यक्षतामा बसेको सुरक्षा अधिकारीको बैठकले प्रतियोगितामा सुरक्षा कमजोरी हुन नदिन सुरक्षा तैनाथी बढाउने र सिसीटिभी क्यामेराबाट निगरानी गर्ने निर्णय गरेको छ । प्रतियोगिताको सुरक्षार्थ दुई हजार सुरक्षाकर्मी खटिनेछन् ।

प्रतियोगितास्थल, मुख्य चोक तथा नगर क्षेत्रमा २०० भन्दा बढी सिसीटिभी क्यामेरा जडान गरिएका छन् । प्रतियोगितामा सहभागी हुन आउने खेलाडी, प्रशिक्षक, अतिथि तथा खेलप्रेमीलाई आवासको अप्ठ्यारो भोग्नु नपरोस् भनेर होटलमा पर्याप्त कोठाको व्यवस्था गरिएको छ ।

प्रतियोगितालाई व्यवस्थित बनाउन राष्ट्रिय खेलकुद परिषद् (राखेप)को सिङ्गो टोली सुर्खेतमा खटिएको छ । विभिन्न उपसमिति निर्माण गरेर तयारीका कामलाई तीव्र पारिएको दसौँ राष्ट्रिय खेलकुद प्रचारप्रसार उपसमितिका संयोजक मोनालिसा खम्बुले जानकारी दिनुभयो ।

यसअघि २०३८ सालमा काठमाडौँमा पहिलो, २०४० सालमा पोखरामा दोस्रो, २०४२ सालमा वीरगन्जमा तेस्रो, २०५५ सालमा नेपालगन्जमा चौथो, २०६५ मा काठमाडौँमा पाँचौँ, २०६८ मा सुदूरपश्चिममा छैटौँ, २०७३ मा पूर्वाञ्चलमा सातौँ र २०७५/७६ मा लुम्बिनीमा आठौँ राष्ट्रिय खेलकुद आयोजना भएको थियो ।

एक हजार ३३७ पदकका लागि प्रतिस्पर्धा

प्रतियोगितामा कुल एक हजार ३३७ पदकका लागि प्रतिस्पर्धा हुँदैछ । राखेपका अनुसार ३८४ स्वर्ण, ३८४ रजत र ५६९ कास्य गरी कुल एक हजार ३३७ पदकका लागि प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगिताको औपचारिक उद्घाटनअगावै कतिपय खेल सञ्चालन हुने संयोजक खम्बुले जानकारी दिनुभयो । प्रतियोगिता उद्घाटनअघि विभिन्न १० खेल सञ्चालन हुनेछन् ।

प्रतियोगितामा सात प्रदेशसहित नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल (एपिएफ) र एनआरएनए गरी ११ टोलीको सहभागिता रहने छ । दसौँ राष्ट्रिय खेलकुदमा ३२ खेलका ३८४ 'इभेन्ट्स' समावेश छन् ।

प्रत्येक टोलीबाट ३९४ महिला र ३४६ पुरुष गरी कुल ७४० खेलाडी सहभागी हुनेछन् । त्यस्तै, प्रत्येक टोलीबाट ८१ प्रशिक्षक र ४१ व्यवस्थापक रहनेछन् । राखेपले पदक विजेतालाई नगद पुरस्कार दिने व्यवस्था गरेको छ । जसमा व्यक्तिगततर्फ स्वर्ण जित्नेले रु. २० हजार, रजतले रु. १५ हजार र कास्य विजेताले रु. आठ हजार पाउनेछन् ।

त्यसैगरी, टोली स्पर्धामा स्वर्ण पदक विजेताले रु. १५ हजार, रजतले रु. १० हजार र कास्यले रु. आठ हजार प्राप्त गर्नेछन् । प्रतियोगिताका लागि २५८ अन्तरराष्ट्रिय र ७७२ राष्ट्रिय निर्णायक रहनेछन् । त्यस्तै, ३४९ स्थानीय सहयोगी र खेल सङ्घका ९६ प्रतिनिधि पनि प्रतियोगितामा परिचालित हुने राखेपले जनाएको छ ।

चार खेल लुम्बिनीमा

प्रतियोगिताका चार खेल लुम्बिनी प्रदेशमा सञ्चालन हुनेछन् । प्रतियोगिताअन्तर्गत बाँकेमा पौडी र सुटिङ तथा बर्दियामा खोखो र टेनिस खेल हुँदैछन् । ती खेल सञ्चालनका लागि आवश्यक पूर्वाधार मर्मत तथा व्यवस्थापन भइसकेको साविक मध्यपश्चिम क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख महेश चन्दले जानकारी दिनुभयो ।

नेपालगन्ज रङ्गशालास्थित पौडी पोखरीमा पौडी र सुटिङ तथा बर्दियाको ठाकुरबाबा नगरपालिकाको भूरीगाउँस्थित कभर्ड हलमा खोखो र गुलरियास्थित कभर्ड हलमा टेनिस खेल हुनेछ । दसौँ राष्ट्रिय खेलकुदको समापन भने यही मङ्सिर २७ गते सुर्खेतमा हुनेछ । ***(रासस)***

चार महिनामा पुँजीगत खर्च साढे चार प्रतिशत मात्र

जुम्ला, ६ मङ्सिर । जुम्लामा चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो चौमासिकमा पुँजीगत खर्च करिब ४ दशमलव ६७ प्रतिशत मात्रै भएको छ ।

जिल्लामा चालु आवका लागि कुल बजेट रु. तीन अर्ब ३३ करोड १६ लाख १९ हजार बजेट विनियोजन भएकामा कार्तिक मसान्तसम्ममा वार्षिक विनियोजनको चार दशमलव ६७ मात्र खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय जुम्लाका कोष नियन्त्रक मन्जित अछामीले जानकारी दिनुभयो ।

जिल्लाको सबैभन्दा बढी विकासे बजेट सडक डिभिजन कार्यालय र सघन सहरी तथा भवन आयोजनाको छ । सडक डिभिजनमा चालु आवका लागि पुँजीगत बजेट रु. एक अर्ब ७९ करोड ५० हजार विनियोजन भएकामा चालु आवको कार्तिक मसान्तसम्ममा रु. ६ करोड ४८ लाख १२ हजार अर्थात् तीन दशमलव ६१ प्रतिशत पुँजीगत खर्च भएको छ ।

यसैगरी, सघन सहरी तथा भवन आयोजनामा रु. एक अर्ब ३९ करोड दुई लाख पाँच हजार पुँजीगत बजेट विनियोजन भएकामा चालु आवको पहिलो चौमासिकमा रु. ६ करोड ८४ लाख २२ हजार अर्थात् चार दशमलव ९२ प्रतिशत खर्च भएको नियन्त्रक अछामीको भनाइ छ । उक्त कार्यालयका अनुसार जिल्लाका सङ्घीय सरकार मातहतका ३६ वटा कार्यालय र यहाँका आठवटा स्थानीय तहका लागि पुँजीगततर्फ रु. तीन अर्ब ३३ करोड १६ लाख बजेट प्राप्त छ । ***(रासस)***

कोसीमा पुल बनेपछि फेरिएको चतराको मुहार

- सङ्गीता राई

सुनसरी, ६ मङ्सिर । एक दशक अघिसम्म चतरामा सप्तकोसी वारपार गर्न बाँसको नाउमा जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता रहेकामा अहिले त्यो अवस्था फेरिएको छ । कोसीमा पुल निर्माणपछि पूर्वी पहाड र तराईबाट चतरा हुँदै काठमाडौँसम्मको सडक सम्पर्क सहज भएको छ । त्यसबाट आवागमनसँगै स्थानीय व्यापार र पर्यटन व्यवसायमा समेत परिवर्तन ल्याएको छ ।

विसं २०७२ मा एसियाली विकास बैङ्क (एडिबी) को ६० प्रतिशत अनुदान र नेपाल सरकारको ४० प्रतिशत लगानीमा रु. ७६ करोड ११ लाखको लागतमा २६१ दशमलव तीन मिटरको चतरास्थित सप्तकोसीमा पुल निर्माण भएको हो ।

पुल निर्माण हुनुअघि सुनसरी र उदयपुरवासी बाँसको नाउबाट कोसी वारपार गर्नुपर्ने बाध्यता थियो । रामपुरबाट चतरा हुँदै धरानको दूरी करिब २२ किलोमिटर भए पनि किनमेल र उपचारका लागि धरान पुग्न रामपुर, फत्तेपुर, कञ्चनपुर र इटहरी हुँदै करिब १४० किलोमिटर यात्रा गर्नुपर्ने थियो । पुल बनेपछि उक्त बाध्यता हटेको छ ।

पुल सञ्चालनमा आएपछि धरान, इटहरी, विराटनगरलगायत पूर्वी क्षेत्रबाट चतरा-गाईघाट-सिन्धुली हुँदै काठमाडौँसम्मको यात्रा सहज भएको छ । पुल निर्माणपछि प्रसिद्ध तीर्थस्थल चतरा पर्यटकीय क्षेत्रका रूपमा समेत विस्तार भएको छ ।

धार्मिक दृष्टिले चतरालाई 'पूर्वको हरिद्वार' भनेर चिनिन्छ । हिन्दू धर्मावलम्बीको पवित्र तीर्थस्थल बराहक्षेत्रधाममा वर्षभरि नै भक्तजन आउने गर्छन् । सप्तकोसीमा रहेको विशाल शिला 'खुवालुङ' किरात समुदायको मुन्धुमी सभ्यतासँग जोडिएको ऐतिहासिक स्थल पनि हो । पछिल्लो समय खुवालुङप्रति चासो बढेसँगै अनुसन्धानकर्ता तथा आन्तरिक पर्यटक त्यहाँ पुग्ने गरेका छन् ।

मानिस नुन किन्न पैदल हिँडेर आउने गर्थे । तर, अहिले त्यही क्षेत्रमा पूर्वक्षेत्रको प्रसिद्ध उत्पादन रहेका पैंडाका दर्जनौँ पसल सञ्चालनमा छन् ।

पुल बनेपछि सर्वसाधरणको आवागमन बढेसँगै पुल नजिकै चतराघाटमा पेडा व्यवसाय फस्टाएको छ । पहिले ढिके नुन बिक्री हुने स्थानमा अहिले दर्जनौँ व्यवसायीले पेडा बनाएर बिक्री गर्दै आएका छन् । चतराघाट पछिल्लो समय पेडा पसलका लागि समेत परिचित बन्दै गएको छ ।

बराहक्षेत्र नगरपालिका-१ चतराघाटका महेश शाह पेडा व्यवसायबाट परिवारको खर्च र छोराछोरीको पढाइ खर्च जुटाउँदै आउनुभएको छ । तीन वर्षअघि पेडा बनाउन सुरु गर्नुभएका शाहले यही व्यवसायलाई आम्दानीको मुख्य स्रोत बनाउनुभएको छ ।

रोजगारीका लागि ११ वर्ष मलेसिया बसेर फर्किएपछि उहाँले धरान-चतरा-रामपुर सडकखण्डमा अटो चलाउन थाल्नुभयो । अटो चलाउने क्रममा चतराघाटमा पेडा पसल देखेपछि उहाँ यस व्यवसायप्रति आकर्षित भएर पेडा व्यापार गर्न थालेको उहाँ बताउनुहुन्छ । उहाँले भन्नुभयो, "सुरुमा मिठाई बनाएर बिक्री गर्न थालेको थिएँ । पछि पेडा बनाउन थालेँ । अहिले यही व्यवसाय राम्रो चलेको छ । बाउबाजेले पहिला यहाँ ढिके नुनको व्यापार गर्नुहुन्थ्यो । समयसँगै ठाउँ र व्यापारको स्वरूप पनि परिवर्तन भएको छ ।" हाल सडक मार्ग प्रयोग गर्ने सर्वसाधारणको चहलपहल बढेसँगै पेडाको माग पनि बढेको शाह बताउनुहुन्छ । ***(रासस)***

भौगर्भिक सम्मेलनद्वारा प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा जोड

काठमाडौँ, ६ मङ्सिर । १२ औँ अन्तर्राष्ट्रिय भौगर्भिक सम्मेलनले हिमालयन भूविज्ञानको विकास, विपद् जोखिम न्यूनीकरण, प्राकृतिक स्रोतको दिगो व्यवस्थापन तथा वैज्ञानिक अनुसन्धानमा राष्ट्रिय र अन्तर्राष्ट्रिय सहकार्य प्रवर्द्धनलाई जोड दिएको छ ।

नेपाल भौगर्भिक समाजद्वारा यहाँ आयोजित तिन दिने उक्त सम्मेलनमा हिमालयको भूवैज्ञानिक विकास, भूकम्प, पहिरो, जलवायु परिवर्तन, जलस्रोत, खनिज स्रोत, उत्थानशील पूर्वाधार तथा आधुनिक भूवैज्ञानिक प्रविधिका विषयमा गहन मन्थन भएको समाजका अध्यक्ष अध्यक्ष भास्कर खतिवडाले जानकारी दिनुभयो ।

सम्मेलनका क्रममा हिमालयन भूविज्ञान, टेक्टोनिक्स, इन्जिनियरिङ भूविज्ञान, पर्वतीय पूर्वाधार, प्राकृतिक प्रकोप, जलवायु परिवर्तन, जलस्रोत, खनिज तथा ऊर्जा स्रोत, डिजिटल भूविज्ञान, रिमोट सेन्सिङ, नीति तथा पेशागत अभ्यासलगायत विषयमा वैज्ञानिक छलफल भएको थियो ।

समाजका अनुसार, नेपालसहित २७ देशका ३४५ जना भूवैज्ञानिक, अनुसन्धानकर्ता, प्राज्ञिक व्यक्तित्व तथा सरोकारवालाको सहभागीता रहेको सम्मेलनमा रसुवाको विपद् तथा बहुप्रकोपीय जोखिमलगायतका विषयमा केन्द्रित भइ अध्ययन तथा अनुसन्धान प्रस्तुती गरियो ।

सम्मेलनमा उत्थानशील, दिगो तथा स्रोत-सुरक्षित विश्वका लागि हिमालयन भूविज्ञानको उन्नयन विषयमा केन्द्रित रही छलफल भएको समाजका महासचिव शिवकुमार बाँस्कोटाले जानकारी दिनुभयो ।

सम्मेलनमा सहभागीले बहुविषयगत अनुसन्धान, वैज्ञानिक तथ्याङ्कको गुणस्तर सुधार, आधुनिक अनुगमन प्रविधिको प्रयोग, विपद् जोखिम न्यूनीकरण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा जोड दिनुभएको महासचिव बास्कोटाले जानकारी दिनुभयो ।

सम्मेलनले हिमालयन तथा पर्वतीय भूविज्ञान क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकार्य सुदृढ गर्न तथा अनुसन्धानका क्षेत्रमा रहेका शैक्षिक संस्था, सरकारी निकाय र वैज्ञानिक समुदायबिच समन्वय र सहयोग बढाउन सुझाव दिएको छ । ***(रासस)***

नगरव्यापी...

प्रथम र द्वितीय तथा शान्ति निकेतन माविका लक्ष्मण चौधरी ४.६० मिटर दुरी पार गरी तृतीय भए ।

६० मिटर दौडको छात्रातर्फ बासु माविका रमिता शाही प्रथम, शारदा आविका रश्मि श्रेष्ठ द्वितीय तथा बाल विकास इङलिस सेकेन्डरी स्कूलका सुजिन पाउँ तृतीय भए ।

६० मिटर दौडको छात्रतर्फ हंसबाहिनी आविका मारुती खाम्चा प्रथम, बाल विकास इङलिस सेकेन्डरी स्कूलका श्रेविक पाउँ र शुभम ग्वाछा क्रमश: द्वितीय र तृतीय भए ।

१५०० मिटर दौडको छात्रातर्फ बासु माविका सुजता शाही प्रथम, जेसिस माविका परिना लाखे द्वितीय तथा गणेश माविका साहाना खातुन तृतीय भए ।

१५०० मिटर दौडको छात्रतर्फ सैनिक आवासीय माविका आदर्श कार्की प्रथम, शारदा माविका कपिल बरुवाल द्वितीय तथा जागृति माविका राखिल सुनुवार तृतीय भए ।

एथलेटिक्सको सटफुट छात्रातर्फ गणेश माविका रीता पौडेल ६.१५ मिटर दुरी पार गरी प्रथम, बासु माविका कृतिका मानन्धर ५.६० मिटर दुरी पार गरी द्वितीय तथा बाल विकास इङलिस सेकेन्डरी स्कूलका चिराकुमारी रोकामगर ५.०६ मिटर दुरी पार गरी तृतीय भए ।

एथलेटिक्सको सटफुट छात्रतर्फ प्रभात इङलिस सेकेन्डरी स्कूलका सफिक सुवाल ८.९५ मिटर दुरी पार गरी प्रथम, सैनिक आवासीय मावि ८.१८ मिटर दुरी पार गरी द्वितीय तथा गणेश माविका साजन तामाङ ८.०६ मिटर दुरी पार गरी तृतीय भए ।

त्यस्तै दोस्रो दिन सम्पन्न भएको एथलेटिक्सको ग्याभलिङ थ्रो छात्रतर्फ बाल विकास इङलिस सेकेन्डरी स्कूलका प्रेम तामाङ प्रथम, बासु माविका ग्रीष्मनाथ योगी र कमल मगर क्रमश: द्वितीय र तृतीय भए ।

दोस्रो दिन सम्पन्न भएको एथलेटिक्सको ग्याभलिङ थ्रो छात्रातर्फ गणेश माविका रीता पौडेल प्रथम, बाल विकास इङलिस सेकेन्डरी स्कूलका चिस कुमारी रोकामगर द्वितीय तथा बासु माविका कृतिका मानन्धर तृतीय भए ।

३००० मिटर दौडको छात्रतर्फ सैनिक आवासीय माविका आदर्श कार्की प्रथम, शान्ति निकेतन माविका सोनम तामाङ द्वितीय तथा शारदा माविका आकाश बुढामगर तृतीय भए ।

३००० मिटर दौडको छात्रातर्फ जेसिस माविका परिना लाखे प्रथम, शारदा माविका कपिल बरुवाल द्वितीय तथा जागृति माविका राखिल सुनुवार तृतीय भए ।

४ X १०० मीटर रिले छात्रतर्फ गणेश माविको टीम प्रथम, सैनिक आवासीय माविको टीम द्वितीय तथा जागृति माविको टीम तृतीय भयो ।

४ X १०० मीटर रिले छात्रातर्फ बासु माविको टीम प्रथम, जेसिस माविको टीम द्वितीय तथा बाल विकास इङलिस सेकेन्डरी स्कूलको टिम तृतीय भयो ।

४०० मिटर दौडको छात्रतर्फ सैनिक आवासीय माविको सन्देश सिं धामी प्रथम, जागृति माविको विजय तामाङ द्वितीय तथा बासु माविको उपेन्द्र रोकाया तृतीय भए ।

४०० मिटर दौडको छात्रातर्फ जेसिस माविका सिल्भी नागा र प्रशंसा गोठे क्रमश: प्रथम र द्वितीय तथा गणेश माविका सिरिषा न्याईच्याई तृतीय भए ।

१०० मिटर रिले छात्रतर्फ सैनिक आवासीय माविको अभिशेख खत्री प्रथम, जेसिस माविको त्रिजन सुवाल द्वितीय तथा दत्तात्रय आविको खुसुबुदिन मनसुर तृतीय भए ।

१०० मिटर रिले छात्रातर्फ बासु माविको सुजता शाही र रमिता शाही क्रमश: प्रथम र द्वितीय तथा जेसिस माविका श्लेषा दथेपुथे तृतीय भए ।

एथलेटिक्स प्रतियोगिताको अन्तिम दिन मङ्सिर ७ गते सोमबार २०० मिटर (छात्र/छात्रा), ८०० मिटर (छात्र/छात्रा), २०० मिटर (छात्र/छात्रा), ट्रिपल जम्प (छात्र/छात्रा), डिस्कस थ्रो (छात्र/छात्रा) फाइनल तथा ४ X ४०० मिटर (छात्र/छात्रा) को रिले दौड गरी १२ वटा इभेन्ट सञ्चालन हुनेछ ।

फूटबलको सेमिफाइनल खेल सोमबार हुने

भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताअन्तर्गत महेश्वरी खेल मैदानमा चालू भएको फूटबल प्रतियोगिताको सेमिफाइनल खेल सोमबार हुने भएको छ ।

फूटबल प्रतियोगिताको चौथो दिन आइतबार सुरु भएको तेस्रो क्वाटरफाइनल खेलमा सैनिक आवासीय मावि र ख्वप्रिङ इङलिस एकेडेमीबिच प्रतिस्पर्धा भयो ।

पहिलो हाफमा सैनिक आवासीय माविका निरज अधिकारी, विधोज अधिकारी र निक्लोस घलेले एक/एक गोल गरी तीन गोलले अग्रता दिए भने ख्वप्रिङ इङलिस एकेडेमीले कुनै पनि गोल गर्न सकेन ।

दोस्रो हाफमा सैनिक आवासीय माविका निक्लोस घलेले दुई र सैनिककै प्रज्वल शाही थकुरीले एक गोल गरी थप तीन गोल गरे । ख्वप्रिङ इङलिस एकेडेमीले कुनै पनि गोल गर्न सकेन । यससँगै सैनिक आवासीय माविले ०-६ गोलले खेल जित्यो । उक्त खेलमा सैनिक आवासीय माविका जर्सी नं. ९ का निक्लोस घले म्यान अफ द माच घोषित भए ।

चौथो क्वाटरफाइनल खेलमा प्रभात इङलिस सेकेन्डरी स्कूल र श्री पद्म माविबिच प्रतिस्पर्धा भयो । पहिलो हाफमा श्री पद्म माविका सागर तिरुवाले १ गोल गरे । दोस्रो हाफमा दुवै टीमबाट कुनै पनि गोल हुन सकेन । यससँगै श्री पद्म मावि ०-१ गोलले खेल जित्यो । उक्त खेलमा पद्म माविका जर्सी नं. १५ का प्रज्वल माझी म्यान अफ द माच घोषित भए ।

फूटबल प्रतियोगिताको पाँचौँ दिन सोमबार सरस्वती विद्यागृह मावि र साइनिङ स्टुडेन्ट एकेडेमीबिच पहिलो सेमिफाइनल तथा सैनिक आवासीय मावि र पद्म माविबिच दोस्रो सेमिफाइनल खेल हुनेछ ।

“जनताका समस्या समाधान गर्न जनप्रतिनिधिहरू निरन्तर लागिरहेका छन्”



भक्तपुर, ६ मङ्सिर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जनताका राय, सल्लाह र सुझावअनुसार भक्तपुर नगरपालिकाले काम गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. १ कार्यालयको आयोजनामा सम्पन्न स्थानीय जनतासँग भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै प्रमुख प्रजापतिले जनप्रतिनिधिहरू जनताको सेवाकै निम्ति निर्वाचित भएको र जनताको समस्या समाधान गर्न नै आफूहरू निरन्तर प्रयासरत रहेको बताउनुभयो ।

उहाँले भक्तपुर नगरको सन्तुलित विकासको निम्ति योजनाबद्ध काम गरिरहेको बताउँदै सम्पदा पुनः निर्माणमा मात्र होइन हरेक विकास निर्माणमा जनतासँग समन्वय र सहकार्य गरी अगाडि बढिरहेको जानकारी दिनुभयो ।

जनताको इमानदारीपूर्वक सेवा गर्ने भावनाले राजनीतिमा लागेको बताउँदै प्रमुख प्रजापतिले जनभावनाअनुसार नगरवासीहरूको आवश्यकतालाई प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभयो ।

सल्लाघारीको १०८ रोपनी जग्गामा खप विश्वविद्यालयअन्तर्गत शिक्षण अस्पताल सञ्चालन गर्न विभिन्न पार्टीका सरकारहरूसँग पटक-पटक माग गरेको र जनताका छोराछोरीलाई सस्तोमा गुणस्तरीय चिकित्सक उत्पादन गर्ने योजना रहेकोमा सरकारको असहयोगको कारण त्यो सफल हुन नसकेको बताउनुभयो ।

शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र सरसफाइलगायतमा भक्तपुरले गरेको कार्यबारे बुझ्न देश-विदेशबाट पनि विभिन्न तहका सरकारका प्रतिनिधिहरू र उच्चपदस्थ पदाधिकारीहरू आउने गरेको चर्चा गर्दै उहाँले जनता र जनप्रतिनिधिहरूले झन् जिम्मेवार भएर काम गर्नुपर्ने बताउनुभयो ।

नपली सिर्जना सेवा समाजका अध्यक्ष नारायणप्रसाद कोइरालाले सल्लाघारी सिर्जनानगर खोलामा रिटेनिङवाल (टेवा पर्खाल) बनाइसकेपछि केही राहत महसुस भए पनि त्रासमुक्त नभएको बताउँदै खोला किनारामा सडक निर्माण गर्नुपर्ने, त्यसको लागि आफूहरूको तर्फबाट आवश्यक सहयोग गर्न तयार भएको बताउनुभयो ।

स्थानीय बासुदेव गौतम, ठाकुर पण्डित, बालकृष्ण दाहाल, अर्जुन गुरुङ, रुद्र सापकोटा, विनय ढकाल, नरमाया श्रेष्ठलगायतले स्थानीय समस्याहरूबारे नगर प्रमुखसमक्ष जिज्ञासाहरू राख्नुभएको थियो ।

सिर्जनानगर क्षेत्रमा खोलाको करिडोर निर्माण गर्नुपर्ने, धुलो धुवाँमुक्त सडक बनाउनुपर्ने, हनुमन्ते खोला सुधार गर्नुपर्ने, सडकहरूको नामकरण गर्नुपर्ने, सडक मापदण्डको व्यवस्थापन गर्नुपर्ने, ट्राफिक व्यवस्थापनमा ध्यान दिनुपर्ने, कल कारखानाबाट निस्कने धुवाँको न्यूनीकरणका उपायहरू अवलम्बन गर्नुपर्ने लगायतका सुझाव स्थानीयवासीहरूले दिएका थिए ।

वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीको सभापतित्वमा सम्पन्न कार्यक्रममा नगर सभासद सूर्यप्रसाद श्रेष्ठले स्थानीय समस्या जनतासँग मिलेर समाधान गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

किसान सूचीकरणसम्बन्धी सूचना

किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१ अनुसार किसानको पहिचान गरी सरकारी तवरबाट किसानहरूलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न किसानहरूको आवश्यक विवरणहरू विद्युतीय प्रणालीमार्फत सङ्कलन गरी किसान परिचयपत्र उपलब्ध गर्नका लागि भक्तपुर नगरपालिकाले आ.व. २०७९/८०, ८०/८१ र ८१/८२ मा सहजकर्ता खटाई किसान सूचीकरण कार्यक्रम सञ्चालन गरी कृषक सूचिकृत गरेकोमा छुटेका कृषकहरूलाई सूचिकृत हुनका लागि सम्बन्धित वडा कार्यालय वा यस नगरपालिकाको कृषि तथा पशुपन्छी विकास शाखा, दूधपाटीमा सम्पर्क गर्नुहुन अनुरोध छ । किसान सूचीकरण प्रणालीमा सूचिकृत हुन हालसालै खिचेको फोटो, नागरिकताको प्रमाणपत्र साथै अन्य खेतीको विवरण उपलब्ध गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

प्रमुख प्रशासकीय अधिकृत

❁ हार्दिक समवेदना ❁



जन्म
२०२५/०६/११

स्वर्गारोहण
२०८३/०८/०४

यस दोलखा ग्रुपका सदस्य **आसबहादुर सुवाल**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

साथीहरू

श्रीमान्/श्रीमती जुजुकाजी ज्याख्व
श्रीमान्/श्रीमती रवि राजभण्डारी
श्रीमान्/श्रीमती रामभक्त कोजु
श्रीमान्/श्रीमती तीर्थ राजचल
श्रीमान्/श्रीमती नवीन प्रजापति
श्रीमान्/श्रीमती तुल्सीराम सुवाल
श्रीमान्/श्रीमती लक्ष्मण अवाल
श्रीमान्/श्रीमती सुकुराम मगजु
श्रीमान्/श्रीमती रवीन्द्र प्रजापति
श्रीमान्/श्रीमती राजु ग्वाछा

दोलखा ग्रुप परिवार

भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.
च्याम्हासिंह-९, भक्तपुर, फोन नं.: ०१-६६१४६८६

धितो लिलाम बिक्री गर्नेसम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथमपटक प्रकाशित मितिः २०८३ मङ्सिर ७ गते, सोमबार

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरूले उपभोग गर्दै आउनुभएको कर्जाको सावाँ, ब्याज र हर्जना संस्थालाई बुझाउनुपर्नेमा हालसम्म पनि नबुझाई कर्जासम्बन्धी सर्त तथा बन्देजहरूको उल्लङ्घन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा सावाँ/ब्याज/हर्जना तथा अन्य दैदस्तुरसमेत भुक्तान गर्न ताकेता गर्दासमेत कर्जा नतिरेको, नबुझाएको हुँदा कर्जा चुक्ता गर्नको लागि मिति २०८३/०४/२५ गते ऋणी तथा जमानीकर्तासमेतलाई सूचित हुने गरी ‘मजदुर’ दैनिक पत्रिकामा **३५ (पैँतीस) दिने सार्वजनिक सूचना** प्रकाशित गर्दासमेत समयावधिभित्र ऋण कर्जाको सावाँ, ब्याज, हर्जना तथा अन्य दैदस्तुर भुक्तानी नगरेकोले तपसिलमा उल्लेखित ऋणीले धितो सुरक्षणबापत संस्थालाई लेखिदिएको चल/अचल सम्पत्ति घर/जग्गा जहाँ जेजस्तो अवस्थामा छ सोही अवस्थामा शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी सहकारीको सम्पूर्ण लेना रकम असुलउपर गरी लिनको लागि ऋणको सुरक्षणबापत लेखिदिएको तपसिलको चल/अचल सम्पत्ति तथा घर जग्गाहरू सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, वाग्मती प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियमावली २०७६ तथा प्रचलित कानुनबमोजिम धितो लिलाम बिक्रीसम्बन्धी यो **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गरिएको छ । अतः उल्लेखित म्यादभित्र तपसिलमा उल्लेखित लिलाम बिक्री हुने धितो सुरक्षण सम्पत्ति गोप्य शिलबन्दी बोलपत्रद्वारा खरिद गरी लिन इच्छुक सङ्घ, संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र आफूले कबोल गरेको रकमसहितको गोप्य शिलबन्दी बोलपत्र पेस गर्नुहुन अनुरोध गर्दछ । कुनै कारणबस लिलाम बिक्रीमा तपसिलको धितो सुरक्षण कसैले नसकारेमा वा रीतपूर्वक बोलपत्र नपरेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७६, वाग्मती प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियमावली २०७६ तथा प्रचलित कानुनबमोजिम सो सम्पत्ति सहकारी संस्था आफैले सकार गरी लिने व्यहोरासमेत यसै सूचनाद्वारा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गर्दा साबिकमा संस्थाबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहीं कतै उजुरबाजुर गर्न पाइनेछैन । साथै तपसिलको धितो लिलाम बिक्रीबाट पनि यस सहकारीको सम्पूर्ण लेना रकम असुलउपर नभएमा सम्बन्धित ऋणी तथा जमानीकर्ता र निजको एकाघरको परिवारको नाममा रहेको अन्य जायजेथा सम्पत्तिबाट समेत असुलउपर गरिलिने व्यहोरासमेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

ऋणीको विवरण	ऋणीको फोटो	धितोमा रहेको घरजग्गाको विवरण
नाम : दिलबहादुर गोसाई **बुबा** : काजीबहादुर गोसाई **बाजे** : कुलनारायण गोसाई **ठेगाना** : भनपा साबिक वडा नं. २, जँला **ना.प्र.नं.** : २९/१७८८६ **जारी मिति** : २०५४/१२/१८ जि.प्र.का.भक्तपुर		१) भक्तपुर जिल्ला भनपा साबिक वडा नं. २/२ङ६ कित्ता नं. १८९ क्षेत्रफल ०–३–३–० को जग्गा
नाम : प्रदिपकुमार थापा **बुबा** : विष्णुबहादुर थापा **बाजे** : पदमबहादुर थापा **ठेगाना** : साबिक छालिङ गा.वि.स. वडा नं. ५, **ना.प्र.नं.** : १०८२/०३५/३६ **जारी मिति** : २०३६/०१/२३ जि.प्र.का. भक्तपुर		१) भक्तपुर जिल्ला, साबिक छालिङ गा.वि.स. वडा नं. ४/४, कित्ता नं. २०८ क्षेत्रफल ०-३-१-० को जग्गा २) भक्तपुर जिल्ला, साबिक छालिङ गा.वि.स. वडा नं. ४/४, कित्ता नं २०९ क्षेत्रफल ०-१३-०-० को जग्गा र घर ३) भक्तपुर जिल्ला, साबिक छालिङ गा.वि.स.वडा नं. ४/४ कित्ता नं. २१० क्षेत्रफल ०-५-०-०) को जग्गा र सो जग्गामा बनेको घरसमेत

लिलाम बिक्रीसम्बन्धी अन्य सर्तहरू :

१. बोलपत्रसम्बन्धी सर्तबन्देजसहितको बोलपत्र आवेदन फाराम रू. १,०००।- दस्तुर (फिर्ता नहुने गरी) तिरी सहकारी संस्थाको केन्द्रीय कार्यालय, भक्तपुर च्याम्हासिंहबाट कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले **३५ (पैँतीस) दिनभित्र अर्थात् मिति २०८३/०९/१२ गते ४:३० बजेभित्र** यस सहकारी संस्थाको प्रशासन शाखामा बुझाइसक्नुपर्नेछ ।
३. प्राप्त बोलपत्रहरू लिलामसम्बन्धी सूचना प्रकाशित भएको मितिले **३६ औँ दिनमा मिति २०८३/०९/१३ गते दिउँसो ३:०० बजे** सहकारी संस्थाको भवनमा नै खोलिनेछ । बोलपत्र उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरूको उपस्थितिमा खोलिनेछ । तर, बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिति नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
४. लिलाम गर्न लागिएको सम्पत्ति जेजस्तो अवस्थामा छ, सोही अवस्थामा खरीद गर्नुपर्ने गरी बोलपत्र पेस गर्नुपर्नेछ । बोलपत्र पेस गर्दा दुबै ऋणीको सबै सम्पत्तिको लागि एकमुष्ट कति बोलकबुल गरिएको हो वा एकजना ऋणीको मात्र सबै सम्पत्ति एकमुष्ट कति बोलकबुल गरिएको हो स्पष्ट खुलाएर पेस गर्नुपर्नेछ । बोलपत्र पेस गर्दा छुट्टाछुट्टै ऋणीहरूको लिलामी सम्पत्तिमध्ये एक जनाको मात्र सबै लिलामी सम्पत्ति स्वीकार गर्ने गरी वा दुबै ऋणीको सबै लिलामी सम्पत्ति स्वीकार गर्ने गरी पेस गर्नुपर्नेछ । यससम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार सहकारी संस्थामा निहित रहनेछ ।
५. बोलपत्रमा आफूले सकार गरी लिन चाहेको सम्पत्तिको कति रकममा लिलाम स्वीकार गर्न चाहेको हो सोको अङ्क तथा अक्षरमा स्पष्ट उल्लेख हुनुपर्नेछ । आफूले कबुल गरेको रकमको कम्तीमा **१० (दस) प्रतिशत धरौटी** रकम सहकारी संस्थाको **सिद्धार्थ बैङ्क लि. भक्तपुर कमलविनायक शाखाको खाता नं. ०३६१५००९१२१** मा तथा **सेन्ट्रल फाइनान्स लि. च्याम्हासिंह शाखाको खाता नं. ००५००४०००१२८६८०००१५** मा जम्मा गरेको सक्कल भौचर संलग्न गरी तोकिएको म्यादभित्र सहकारी संस्थामा पेस गर्नुपर्नेछ । धरौटी स्वरूप जम्मा गरिएको रकममा ब्याज दिइनेछैन ।
६. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सोको जानकारी सम्बन्धित बोलपत्रदातालाई लिखित सूचना पठाइनेछ । स्वीकृत बोलपत्रदाताले सहकारी संस्थाले तोकेको अवधिभित्र आफूले कबोल गरेको बाँकी सम्पूर्ण रकम जम्मा गरी बोलकबोल गरेको सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ । साथै उक्त समयभित्र कबोल गरेको रकम दाखिला नगरेमा धरौटीबापत राखिएको रकम सहकारी संस्थाले जफत गर्नेछ ।
७. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । बोलपत्र सदरबदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्र रद्द गरिनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीबापत जम्मा गरेको रकम बिनाब्याज फिर्ता दिइनेछ ।
८. बोलपत्र स्वीकृत गर्ने वा नगर्नेसम्बन्धी सम्पूर्ण अधिकार सहकारी संस्थामा सुरक्षित रहनेछ । रित नपुगेका दर्ता हुन आएका बोलपत्रहरूको कुनै कारबाही हुनेछैन ।
९. अन्य सर्तहरू बोलपत्र फाराममा उल्लेख भएबमोजिम हुनेछ ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा